# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



शाक्यमुनि बुद्धले आफ्नो सातौं वर्षावास त्रावतिंस भूवनमा बिताउनु भई ३ महिनासम्म आफ्ना माता महामायादेवी (सन्तुस्सित देवपुत्र) लाई अभिधर्म देशना गर्नुभई आश्विन पूर्णिमा (कतिं पुन्हि) का दिन भारत स्थित संकाश्यमा पदार्पण गर्नुभएको दृश्य ।

वर्षः ४१, अङ्कः ७
बु.सं. २५६७, कतिं पुन्हि






ओवाद दिनुहुँदै श्रद्धेय भिक्षुणी धम्मवती गुरुमां



आनन्दकुटी विद्यापीठ स्वयम्भूबाट प्रथम स्थान हासिल गर्न सफल विद्यार्थीहरू



फूलब्राइट स्कूल, चाँगुनारायण भक्तपुरबाट दोस्रो स्थान हासिल गर्न सफल विद्यार्थीहरू




आदर्श कन्या मा.बि. ललितपुरबाट तेस्रो स्थान हासिल गर्न सफल विद्यार्थीहरू



सिद्धिगणेश सेकण्डरी स्कूल सोल्हखुट्टे काठमाडौंबाट सान्त्वना पुरस्कार हासिल गर्न सफल विद्यार्थीहरू



निर्णायक मण्डलबाट हाजिर जवाफ कार्यक्रमको नियमहरू प्रस्तुत गरिंदै



हाजिर जवाफ प्रतियोगितामा प्रश्न सोध्ने क्रममा प्रश्नकर्ता टोली लगायत टाईम किपर



स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिका सचिव लोचनतारा तुलाधर

प्रकाशक र विशेष सल्लाहकार

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

सम्पादक

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

सम्पादन सहयोगी

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

व्यवस्थापकहरु

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

कार्यालय

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६७

नेपाल सम्बत् ११४३

इस्वी सम्बत् २०२३

बिक्रम सम्बत् २०८०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**28th OCTOBER 2023**

| वर्ष- ४१ | अङ्क- ७ | कतिं पुन्हि | कार्तिक २०८० |
|---|---|---|---|





**कोधं जहे विप्पजहेय्य मानं**
**सञ्ञोजर्न सब्बम'तिक्कमेय्य**
**तं नामरुपस्मिं असज्जमानं**
**अकिञ्चनं नानुपतन्ति दुक्खा**

**क्रोध मदय्कि अभिमानयात सम्पूर्ण मदय्कि, फुक्कं बन्धनं पार जुयाहुँ । नाम- रूपय् आशक्त मजूम्ह, अरागीम्ह व्यक्तियात दु:ख ज्वीमखु ।**

**क्रोध नगर, अभिमान नगर। सबै बन्धनबाट पार तरेर जाऊ । नाम रूपमा आशक्त नहुने परिग्रह रहित व्यक्तिलाई दु:ख र सन्ताप हुने छैन ।**

Let a man leave anger, let him forsake pride, let him overcome all bondage ! No Sufferings befall the man who is not attached to name and fame, and who calls nothing his own.

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय "भगवान् बुद्ध त्रायतिंस भूवनबाट ... ..." | – स.ना.गो., अनु. वीर्यवती गुरुमां | २ |
| ३) | सम्पादकीय- "हरेक प्राणीको बाँच्न पाउने नैशर्गिक अधिकार हुन्छ" | – | ३ |
| ४) | बुद्ध र बिम्बिसार राजकुमारी चुन्दी | – स.ना.गो. | ७ |
| ५) | स्नेही छोरी–११ "दोबाटो" | – बर्मी भिक्षु र वे थ्वं महास्थविर | ७ |
| ६) | सेवा नै धर्म | – विद्याकुमारी बज्राचार्य | ९ |
| ७) | सफल लँपुयात खंके मफु भ्रीसं | – नातीकाजी महर्जन | ९ |
| ८) | भगवान् बुद्धका बाऱ्ह कर्म विपाकहरू | – धम्मवती गुरुमां, अनु. वीर्यवती | १० |
| ९) | गुहालि याय् सयक्य | – भरतराज चित्रकार | १३ |
| १०) | थः वर्ग | – सत्यमोहन जोशी | १३ |
| ११) | धर्मकीर्ति समाचार | – | १४ |


*आवरण चित्र परिचय*

# भगवान् बुद्ध त्रायतिंस भूवनबाट मनुष्य भूवनको संकाश्य नगरमा पदार्पण

**कल्याण मित्र सत्यनारायण गोयन्का**

**भाव अनुवाद– वीर्यवती**

बुद्धगयामा ३५ वर्षको उमेरमा बुद्धत्त्व लाभ गरी बुद्ध हुनुभएका शाक्य मुनि बुद्धले प्रथम वर्षावास ऋषिपतन मृगदावनमा, दोश्रो, तेश्रो र चौथो वर्षावास राजगृहमा, पाँचौं वर्षावास वैशालीमा भने छैठौं वर्षावास मंकुल पर्वतमा विताउनु राजगृहमा , पाँचौं वर्षावास वैशालीमा भने छैठौं वर्षावास मंकुल पर्वतमा विताउनु भएको उल्लेख छ । त्यसरी नै सातौं वर्षावास त्रायतिंस भूवनमा विताउनु भएको उल्लेख छ ।

सातौं वर्षावासको लागि उहाँले आषाढ पूर्णिमाको दिन मनुष्य भूवन श्रावस्तीबाट त्रायतिस भूवनमा प्रस्थान गर्नुभई वर्षावास ३ महिना सम्म दश सहश्र चक्रवालका देवव्रह्माहरूलाई पनि अभिधर्म विषयमा धर्मदेशना (उपदेश) गर्नुभई उपकार गर्नुभएको उल्लेख छ । त्यसपछि भगवान् बुद्धले आश्विन पूर्णिमा (कोजागत पूर्णिमा) वा कतिंपुन्हिका दिन वर्षावास ३ महिना पूरा गर्नुभई पवारण कार्य पश्चात् त्रायतिंस भूवनबाट हालको संकाश्य नगर (भारत) तर्फ अवतरण गर्नुभएको उल्लेख छ ।

आफ्नी माता महामायादेबीलाई अभिधर्म देशना गरी उपकार गर्नुभएपछि पदार्पण गर्नुभएको स्थान "संकाश्य नगरको" महत्त्व दर्शाउँदै सम्राट अशोकले पनि उक्त स्थानमा अशोक स्तम्भ खडा गरी उक्त स्तम्भ माथि हात्तीको मूर्ति राखिदिएको छ । किनभने बुद्ध जीवनीमा उल्लेख भए अनुसार महामायादेवीले सपनामा सेतो हात्तीले सुंडमा कमलको फूल लिई मायादेवीको शरीरलाई ३ पटक परिक्रमा गरी उहाँको दाँया काखीबाट प्रवेश गरेको दृष्य देखेकी थिइन् । त्यसपछि महामायादेवी गर्भवती बन्नुभएकी थिईन । यसरी हात्तीको रूपमा महामायादेवीको गर्भ प्रवेश गनुभएका बोधिसत्त्व बुद्ध हुनु भएपछि पनि त्रायतिंस भूवनमा रहेका उहाँका मातालाई उपकार गरी ऋण तिर्नु भएपछि ओर्लनुभएको स्थान संकाश्यमा पनि हात्तिकै रूप सम्रात अशोकले स्तम्भ खडा गरिदिएको बुझिन्छ ।

यसरी भगवान् बुद्धले त्रायतिंस भूवनबाट ओर्लनु भई पदार्पण गर्नुभएको संकाश्य नगरभूमी लाई "अचल चेतिय" भनी नामाकरण गरिएको त्रिपिटकमा उल्लेख गरिएको पाइन्छ ।

भगवान बुद्ध त्रायतिंस भूवनमा श्रावस्तीनगरबाट प्रस्थान गर्नुभएको आषाढ पूर्णिमाको दिन देखि उहाँको प्रत्यागमनकोलागि संकाश्य नगरमा थुप्रै जनसमूह भेला भइरहेका रहेछन् यसको मतलब भगवान बुद्धले ३ महिना पछि त्रायतिंस भूवनबाट संकाश्य नगरमा ओर्लिनुहुने जानकारी पहिला नै प्रष्टाउनु भएको देखिन्छ ।

## ▪ सम्पादकीय ▪

# हरेक प्राणीको बाँच्न पाउने नैशर्गिक अधिकार हुन्छ

भगवान् बुद्ध भन्नुहुन्छ,

**यो दण्डेन अदण्डेसु – अप्पदुट्टेसु दुस्सति**
**दसन्नमञ्ञत्तरं ठानं – खिप्पमेव निगच्छति**
**वेदनं फरूसं जानिं – शरीरस्स च भेदनं**
**गरूकं वापि आवाधं – चित्तक्खेपं व पापुणे**
**राजतो वा उपस्सग्गं – अब्भक्खानं व दारूणं**
**परिक्खयं व ञातीनं – भोगानं व पभंगुरं**
**अथवस्स अगारानि – अग्गि दहती पावको**
**कायस्स भेदा दुप्पञ्ञो – निरयं सो'पपज्जति**

अर्थात् जसले आफ्नो नीजि स्वार्थ पूर्तिको लोभमा अरूलाई हानी नोक्सानी हुने जालसाजीपूर्ण कार्य गर्छ, कुरा गर्छ र योजनाहरू बनाउँछ, जसले दण्ड भोग्न नपर्ने निदोर्षी व्यक्तिलाई दण्ड दिने गर्छ, दोष लगाउँछ, त्यस व्यक्तिलाई प्रकृतिले तल उल्लेखित १० प्रकारका दण्डहरू मध्ये एक न एक दण्ड भोगाइहने गर्छ –

*'धम्मपद' – भिक्षु अमृतानन्द, पेज नं. ६१,६२*
*दण्डवग्ग, गाथा नं १३७, १३८, १३९ १४०*

१) टाउको दुख्ने आदि असह्य वेदनाले सताउने छ ।
२) आफूसंग भएको धन विनाश हुनेछ ।
३) अंगभंग हुनेछ  ४) ठूलठूला रोगले सताउने छ ।
५) वहुलाउने छ (६) राजदण्ड आदिको भय आउने छ ।
(७) अनेक लाञ्छनाहरू लागी निन्दित र अपहेलित बन्नुपर्नेछ ।
(८) आफ्ना नाता कुटुम्बहरू विनाश हुँदै जानेछन् ।
(९) आफ्नो भोग विनाश हुनेछ (१०) घरमा आगलागी भई मरणोपरान्त पछि राम्रा गति पाउन नसकी नर्कतुल्य जीवन बिताउनु पर्नेछ ।

हामीलाई थाहा छ, कोही पनि व्यक्ति माथि उल्लेखित दण्डहरू भोग्न तयार हुँदैनन् । उनीहरू आ-आफ्नो जीवनमा सुख सुविधा नै चाहन्छन् । तर चाहेर मात्र ती सुखसुविधा प्रप्त नहुने रहेछ । त्यसको लागि आफूले राम्रो नियतले कार्य पनि गर्नु पर्दो रहेछ । किनभने यस संसारमा आफूले रोपेको बीऊ अनुसारको मात्र फल प्राप्त हुने नियम रहेको छ ।

त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ –

**यादिसं वपते बीजं तादिसं हरते फलं**
**कल्याणकारी कल्याणं पापकारी च पापकं**

हामीले आ-आफ्नो कर्म क्षेत्रमा जस्तो नियतले कार्य गर्छौं र कुरा गर्छौं त्यस्तै नतीजा प्राप्त गरिरहेका हुन्छौं । राम्रो नियतले गरेको काम कुराको फलले भाग्यको फल प्राप्त भइरहेको हुन्छ भने खराब एवं दुषित नियतले गरेको काम कुराको फल दण्डको रूपमा प्राप्त भइरहेको हुन्छ । प्रकृतिको नियम हो यो। प्रकृतिले यसको मामिलामा कसैलाई भेदभाव गर्दैन ।

त्यसैले भगवान बुद्ध भन्नुहुन्छ –

**"चेतनाहं भिक्खवे कम्मं वदामि"**

अर्थात् चेतना वा मनको नियतले कर्मको स्वरूप बनिन्छ । अर्को शब्दमा भन्ने हो भने राम्रो र नराम्रो कर्म बनाउने प्रमुख तत्त्व नै हाम्रो नियत हो । त्यसैले हामीले अरूहरूको बानीव्यवहारलाई नियाल्दै समय खेर फाल्नु भन्दा आ-आफ्नो बानी व्यवहार र नियतलाई नियाल्दै परिक्षा गर्दै, आ-आफ्नो खराब बानीब्यवहारलाई र गलतीहरूलाई सुधार्न अत्यावश्यक रहेको हुन्छ । मानिसहरूबाट जति पनि गलतीहरू भइराखेका छन, ती मध्ये धेरै जसो गल्ती गर्दैछु भन्ने कुरा थाहा नपाएर नै ती गलत कार्यहरू भईरहेका देखिन्छन् । त्यसैले यसको लागि यस संसारमा बुद्ध शिक्षा बुझ्न र बुझाउन अत्यावश्यक भइसकेको छ ।

यस शिक्षाले संसारमा निर्विघ्न पूर्वक बाँच्न पाउने हरेक प्राणीको नैसर्गिक अधिकारलाई बुझाउने कोशिस गरिएको छ । यस शिक्षालाई बढि भन्दा बढि मानिसहरूले बुझ्न सकुन् । एक अर्काप्रति घृणा र द्वेष होइन मैत्री, माया , दया र करूणाको भाव फैलाउँदै निर्भय र शान्तपूर्ण जीवन बिताउने भाग्य प्राप्त गर्न सकुन् । आफूलाई दुःख मन नपरेजस्तै अरूलाई पनि दुःख र भय मन पर्दैन भन्ने यथार्थतालाई जानी अरूमा आफू र आफ्ना परिवारको भावना जगाउने बानी बसाल्न सकौं ।

**भवतु सब्ब मंगलम्**



# बुद्ध र बिम्बिसार – राजकुमारी चुन्दी

✍ **सत्यनारायण गोयन्का**

महाराज बिम्बिसारका सन्तानहरू मध्ये राजकुमार चुन्द र उनकी बहिनी राजकुमारी चुन्दीको विषयमा केही जानकारी प्राप्त भएको छ । आफ्नो पिता महाराज कै कारण राजकुमार चुन्द भगवान प्रति आकर्षित भएका होलान् । उनले भगवान बुद्धको उपदेश सुनेको थियो कि जसको बुद्ध, धर्म र संघ प्रति श्रद्धा हुन्छ र पञ्चशील पालनमा रत्त रहन्छ,त्यसको सद्गति निश्चित छ ।

राजकुमार चुन्दले आफ्नी बहिनी राजकुमारी चुन्दीलाई भगवानको उक्त उपदेश सुनायो । पहिलो पटक सुन्दाखेरि जो कसैलाई पनि यस्तो भान पर्न सक्छ कि यो त सोऱ्है आना साम्प्रदायिक कुरा हो । बुद्ध, धर्म र संघ प्रति श्रद्धा राख्दैमा किन सद्गति पाउँछ ? अन्यमा श्रद्धा राखेमा किन सद्गति हुँदैन यस्तो प्रश्न मनमा आउन सक्छ ? राजकुमारीको मनमा पनि यस्तो प्रश्न आयो कि आएन त्यो त स्पष्ट थाहा छैन । परन्तु यो कुरा प्रष्ट छ कि उक्त उपदेशको स्पष्टिकरणको लागि उनी भगवान समक्ष पुगेकी थिइन् ।

भगवान त्यस समयमा राजगृहको वेणुवनको कलन्दक निवापमा विहार गरिरहनु भएको थियो । त्यो उही वेणुवन थियो जुन महाराज बिम्बिसारले बुद्ध प्रमुख भिक्षु संघलाई दान दिएको थियो । राजकुमारी चुन्दी भगवान कहाँ एक्लै गएकी थिइनन् । उनले नगरका आफ्ना सहोदरका पाँचसय साथीहरूलाई साथमा लिएर गएकी थिइन् । सम्भवतः यो त्यसबेलाको सम्मान प्रदर्शन गर्ने एक तरिका थियो । बुद्ध प्रति गरिने यस्तो सन्मान प्रदर्शन बुद्धवाणीमा अन्यत्र पनि देख्न सक्दछौं ।

राजकुमारी चुन्दीले भगवान्लाई नमस्कार गरिन् र एक छेउ बसिन् र भगवानसंग प्रश्न सोधिन्– भन्ते भगवान ! मैले मेरो भाई चुन्दबाट सुनेकी थिएँ कि कुनै पनि नर या नारी बुद्ध, धर्म र संघको शरण ग्रहण गरी हिंसा, चोरी ब्यभिचार, झूठ र लागुपदार्थको सेवनबाट विरक्त रहन्छ भने उसले मृत्यु पश्चात सुगति लाभ गर्छ, दुर्गति होइन ।

बुद्ध, धर्म र संघको शरणमा जानुको अर्थ हुन्छ त्यस प्रति श्रद्धालु हुनु । त्यसकारण उनी पुनः सोध्छिन् – कुनै ब्यक्ति शास्ता प्रति श्रद्धालु हुँदैमा, धर्म प्रति श्रद्धालु हुँदैमा र संघ प्रति श्रद्धालु हुँदैमा मृत्यु पछि सद्गति नै किन हुन्छ दुर्गति किन हुँदैन । यी प्रश्नहरूको उत्तर दिनुहुँदै भगवानले जुन स्पष्टिकरण दिनुभयो, त्यो सबै साधकहरूको उत्तर दिनुहुँदै भगवानले जुन स्पष्टिकरण दिनुभयो, त्यो सबै साधकहरूलाई लागि प्रवल प्रेरणादायक छ ।

उहाँले सम्झाउनुभयो कि तथागत सम्यक् सम्बुद्ध सबै प्राणीहरूमा सर्वश्रेष्ठ हुनुहुन्छ । जो सम्यक् हुन्छ वहाँ सर्वोत्तम अर्थात अग्र नै हुनुहुन्छ । जो सम्यक् सम्बुद्ध प्रति श्रद्धालु हुन्छ ऊ अग्र प्रति श्रद्धालु हुन्छ । सर्वोत्तम ब्यक्ति प्रति श्रद्धा हुनुको फल पनि सर्वश्रेष्ठ नै हुन्छ । बस्तुतः सम्यक् सम्बुद्ध प्रति श्रद्धालु हुनु भनेको नै उहाँले बताउनु भएको मार्गमा अघि बढ्नु हो । उहाँले बताउन भएको मार्ग श्रेष्ठतम मुक्तिको मार्ग हो । अतः त्यो मार्गमा अघि बढ्दा श्रेष्ठतम फल प्राप्त गर्नु स्वाभाविक छ ।

फेरि धर्मको बारेमा सम्झाउँदै भन्नुभयो कि इन्द्रिय जगतको सत्यको बारेमा होस् या इन्द्रियातित, यी सबैमा बीतरागता नै सर्वश्रेष्ठ छ, अग्र छ । बीतरागताले ब्यक्तिमा रहेको अहंकारलाई धूलो, पिठो पार्दछ, सारा आसक्तिहरूलाई उत्खनन् गर्दछ । सम्पूर्ण प्यास बुझाइदिन्छ । भवचक्रको मूल छेदन गर्दछ, तृष्णालाई क्षय गर्दछ । त्यस प्रति विराग उत्पन्न गराई निरोध अवस्थासम्म पुऱ्याउँदछ ।

जसबाट निर्वाण साक्षात्कार हुन्छ । यस्तो वीतरागी धर्मप्रति जसको श्रद्धा हुन्छ उसको सर्वश्रेष्ठ अथवा अग्र प्रति श्रद्धा हुन्छ । अग्र प्रति जसको श्रद्धा हुन्छ उसले अग्र फल नै पाउँदछ ।

जति पनि संघका गुणहरू छन् ती सवमा

तथागतको श्रावक संघ सबैभन्दा श्रेष्ठ र अग्र मानिन्छ । तथागतको श्रावक संघ त्यही व्यक्तिहरूको समूह हो जो अरहन्त छन् माने चार मार्गहरू मध्ये कुनै एक लाभ नगरेकाहरू भगवानको श्रावक संघ होइनन् । आर्य हुन् त्यसैले आव्हान गर्न योग्य छन् । अतिथि बनाउन । आदर सत्कार गर्न, नमस्कार गर्न योग्य छन् । किभने तिनीहरू दान गर्नेहरूका लागि सर्वश्रेष्ठ पुण्य क्षेत्र हुन् । जो त्यस्तो संघ प्रति श्रद्धालु हुन्छ ऊ सर्वश्रेष्ठ याने अग्र प्रति श्रद्धालु हुन्छ । जो अग्र प्रति श्रद्धालु हुन्छ उसले अग्र फल नै पाउँछ ।

जति पनि शीलहरू छन्, तिनीहरूमा आर्य शील नै अग्र छन् । अर्थात त्यो शील जसको पालना गर्नाले व्यक्ति आर्य बन्छ । जुन अखण्डित छ, छिद्र रहित, दाग रहित, निस्कलंक, निर्मल, शुद्ध छ, जुन समझदार व्यक्तिहरूबाट प्रसंसित छ, जसको प्रति कुनै आसक्ति जाग्दैन । (कुनै पनि शील प्रति आसक्ति जाग्नाले अरू शीलहरूको अवहेलना हुन्छ, जसको कारण समाधि र प्रज्ञाको अभ्यास छुट्छ । ) आसक्ति रहित भएमा नै त्यो शील समाधिको परिपूर्णतामा सहायक सिद्ध हुन्छ । यसप्रकार शीलवान व्यक्ति बन्छ । यस्तो आर्य बनाउने शीललाई जसले परिपूर्ण गर्छ, त्यसले अग्रतालाई परिपूर्ण पार्छ । जसले अग्रतालाई परिपूर्ण गर्छ त्यसले अग्र फल नै पाउँछ ।

यसप्रकार भगवानले सम्झाउनु भयो–

**अग्गतो व पसोनं** – जो जग्र प्रति श्रद्धालु हुन्छ,

**अग्गं धम्मं विजानतं** – अग्र धर्मको जानकार हुन्छ ।

बुद्ध जस्तो अग्र प्रति श्रद्धालु हुनुको अर्थ अन्ध – श्रद्धामा डुब्नु होइन । भक्तिको भावावेशमा भूलेर बुद्धले मेरो दुर्गति हुनु दिने छैन, मलाई सद्गति नै दिनुहुनेछ । मुक्ति दिनुहुनेछ भन्दै अन्ध भक्तिमा डुब्न थाल्यो भने सही अर्थमा बुद्धको श्रद्धालु भएन । बुद्धको सही श्रद्धालु हो भने उहाँले सुआख्यात (राम्ररी ब्याख्या) गर्नु भएको धर्म प्रति श्रद्धावान भएर त्यसलाई जान्नु पर्छ, बुझ्नु पर्छ र आफ्नो अनुभवमा उतार्नु पर्छ । त्यसैले भन्नु भयो–

**अग्गे धम्मे पसन्नानं** – अग्र आर्य धर्म प्रति श्रद्धालु भएमा,

**विरागूपसमे सुखे** – त्यस्तो व्यक्ति विरागता प्रति श्रद्धालु हुन्छ । विकारहरूको उपसमन प्रति श्रद्धालु हुन्छ । परम सुख निर्वाण प्रति श्रद्धालु हुन्छ । श्रद्धालु भएमा नै त्यसलाई धारण गर्नमा प्रयत्नशील हुन्छ ।

**अग्गे सङ्घे पसन्नानं** – अग्र संघ प्रति श्रद्धालु भएमा जसले अग्र दान गर्छ त्यसले,

**अग्गं पुण्यं पवड्ढति** – अग्र पुण्य लाभ गर्छ । जसले गर्दा,

**अग्गं आयु च वण्णे च यसो कित्ति सुखं बलं ।**

– यसै जीवनमा लौकिय फल प्राप्त हुन्छ । जस्तै – दीर्घायु, प्रसिद्धि, यश, कीर्ति, सुख र बल । यस्ता दानी जव -

**अग्ग धम्म समाहिने** - अग्र धर्ममा समाहित हुन्छ त मृत्यु पश्चात -

**देवभूतो मनुस्सो वा** – देव या मनुष्य लोकमा जन्म हुन्छ र धर्मको मार्गमा अघि बढ्दै -

**अग्गपत्तो पमोदित** – अग्र धर्म निर्वाण लाभ गरी प्रमुदित हुन्छ । यसप्रकार राजकुमारी चुन्दीलाई सम्प्रदाय विहीन, सार्वजनीन, सनातन धर्मको शिक्षा दिनुभयो ।

कुनै व्यक्ति आफ्नै परिश्रम आफ्नै पुरूषार्थले बुद्ध बन्छ त कुनै पनि सम्प्रदायसंग आवद्ध हुँदैन । आफ्नै पारमिताहरू, त्याग, तपश्या र संयमतासंग आवद्ध भएको हुन्छ । बुद्धत्व कुनै सम्प्रदाय विशेषको मोनोपोलि (एकाधिकारको विषय) होइन । कहिले काहीं यस्तो पनि भएको हुन्छ कि कुनै व्यक्ति आफ्नो जीवनमा कुनै बुद्धको सम्पर्कमा आएको हुँदैन, कुनै बुद्धको उपदेश पनि सुनेको हुँदैन, तापनि आफ्नै समझदारीले शुद्ध शील, समाधि र प्रज्ञाको मार्गमा अग्रसर हुन्छ र बुद्ध बन्छ, शुद्ध बन्छ, मुक्त बन्छ । यस्तो व्यक्तिलाई प्रत्येक बुद्ध अर्थात एकलो बुद्ध भनिन्छ । अतः बुद्धलाई सम्प्रदायको कुनै मतलब हुँदैन । बुद्धले न त कुनै सम्प्रदायको स्थापना गर्छ , न त कुनै स्थापित सम्प्रदायसंग आवद्ध हुन्छ, न त अरूलाई नै सम्प्रदायमा आवद्ध गरिदिन्छ । ऊ स्वयं धर्ममा आवद्ध भएको हुन्छ र अरूलाई पनि धर्ममा नै आवद्ध गरिदिन्छ ।

फेरि धर्म पनि यस्तो कि वीतरागताको धर्म । राग भएमा बन्धन हुन्छ नै, दुःख हुन्छ नै, चाहे जो सुकै किन नहोस् । राग छुटेमा बन्धन मुक्त हुन्छ नै, दुःख मुक्त हुन्छ नै चाहे जोसुकै कि न नहोस् । वीतरागता कुनै सम्प्रदायको सम्पत्ति होइन । यो त जसले धारण गर्छ उसैको धर्म हो । उसैको लागि कल्याणकारी हुन्छ । यस अर्थमा वीतरागता धर्म सार्वजनिक हो ।

संघ कुनै सम्प्रदाय विशेष गृहत्यागीहरूको समूह होइन । जो आर्य छन् त्यो नै सही अर्थमा संघ हुन् । अनार्यबाट आर्य भयो त कमसेकम स्रोतापन्न त भयो नै, तव नै आर्य भयो अन्यथा भएन । स्रोतापन्न भएपछि मृत्यु पश्चात दुर्गति हुनबाट बच्छ, किनकि उसको सवै प्रकारका अपाय गतिहरू निरूद्ध भैसकेका हुन्छन् । त्यस्तो ब्यक्ति कसैको कृपाबाट आर्य बनेको हुँदैन । आफ्नै पुरूषार्थले बनेको हुन्छ । अरूले त बाटोसम्म देखाई दिन सक्छ, कसैले कसैलाई मुक्त गरिदिन सक्दैन । यदि आफूलाई तारक भनि कसैले दावी गरेमा  सम्प्रदाय बन्छ । न धर्म सार्वजनीन् हुन सक्छ, न त संघ नै सम्प्रदाय मुक्त रहन सक्छ ।

शुद्ध शीलको पालन यसकारण गरिन्छ कि शीलको बलबाट सम्यक समाधि पुष्ट होस् अनि प्रज्ञाको आधारबाट निर्वाणको साक्षात्कार होस् तथा आर्य बन्न सकोस् । जसबाट सद्गति स्वतः निश्चित हुन्छ ।

जब कुनै ब्यक्ति बुद्धको शरण जान्छ त परम ज्ञानीको शरण जान्छ., अज्ञानीको शरण होइन । जब धर्मको शरण जान्छ त, सनातन सत्यको शरण जान्छ, असत्य कल्पनाको शरण होइन । जब संघको शरण जान्छ त विमुक्त शन्तहरूको शरण जान्छ, भवचक्रमा रूमलेका असन्तहरूको होइन । जब सम्यक् समाधि, प्रज्ञा र विमुक्ति तर्फ लैजाने आर्य शीलको शरण जान्छ त शुद्ध सदाचारको शरण जान्छ, दूषित दराचारको होइन ।

यस्तो ब्यक्ति सद्गति परायण नै हुन्छ, दुर्गति परायण होइन ।

त्यसैले साधकहरू ! आउ ! बुद्ध, धर्म र संघको सही अर्थलाई बुझ्रेर श्रद्धा जगाऔं, शील समाधि र प्रज्ञाको अभ्यास गरी आफ्नो कल्याण साधौं ।

## सही वन्दना

विस्तारै-बिस्तारै जनमानसमा विशेष गरेर साधकरूमा यो कुरा फैलन थाल्यो कि भगवान कुन प्रकारको वन्दनालाई सही वन्दना मान्नु हुन्छ । कस्तो वन्दना उहाँलाई प्रिय छ ? कस्तो वन्दना साधकहरूको लागि मंगलदायिनी छ ? विपश्यना साधनाद्वारा दृढ पराक्रम गरेर (मयल) क्लेश सफा गरेमा नै शास्ताको सही सन्मान हुन्छ, उहाँको सही वन्दना हुन्छ । यस्तो भएतापनि लोकजन भगवानको साधारण औपचारिक रूपमा वन्दना गरिरहे । तर यसमा अनेक प्रसंग छ । जुन सत्यको प्रमाणित गर्न कोही साधक सही ढंगले वन्दना गर्दथे ।

पच्चीससय वर्षदेखिको स्वस्थ्य परम्परा । साधनाको धरातलमा भगवान बुद्धलाई गर्ने सही वन्दनाको यो विधि गुरू-शिष्य परम्पराद्वारा ब्रम्हदेशमा प्रवाहित चल्ने गर्दथ्यो । मसिनो धाराको रूपमा प्रवाहित भइरह्यो । परम पूज्य गुरूदेव ऊ वा खिनको जीवनकालमा यस धाराको दर्शन हुन्थ्यो अधिकांश श्रद्धालु जनता र अनेक नयाँ-नयाँ साधक लोकाचार मेटाउन तीन पटक झुकेर नमस्कार गर्दथे र आफ्नो श्रद्धाञ्जली अर्पित गर्दथे । तर साधकले जब नमस्कार गर्दथे तव शुद्ध परम्परा अनुसार नै गर्नु भनी गुरूदेव सिकाउन् हुन्थ्यो ।

प्रणाम गर्नलाई झुक्नुभन्दा पूर्व आफ्नो शिरको शिर्ष भागमा उदय-ब्ययको तरङ्गको अनुभूति गर्नु र अनित्यवोध जगाएर नमस्कार गर्नु । दोस्रो पटक यस उदय ब्यय संवेदनाको आधारमा दुःख वोध गर्नु र तेस्रो पटक अनात्म बोध जगाएर नमस्कार गर्नु । यस्तो गरेमा मात्र सही नमस्कार भयो अन्यथा होइन । नत्र कर्मकाण्ड मात्र भयो । कहिले काहीं पुरानो साधकले नमस्कार गर्नु हुँदा गुरूदेव सोध्नु हुन्थ्यो । "तिमीले कसरी नमस्कार गऱ्यौं ? प्रज्ञा पूर्वक गऱ्यौं कि गरेनौं ?"

कहिले काहीं साधक यन्त्रवत् नमस्कार गरिसके पछि स्वयं होसमा आउँथे तब फेरि प्रज्ञा पूर्वक तीन पटक नमस्कार गर्दथे ।

शरीर र चित्तको प्रपञ्चको अनित्य, दुःख र अनात्म स्वभावको अनुभूतिको  स्तरलाई सम्झेर विपश्वी साधकले सर्वथा निसंगभावले वन्दना गरेमा सही वन्दना, सही पूजा, सही सम्मान हुन्छ ।

**एतं बुद्धानं वन्दनं ।**

यसमा नै साधकको सही कल्याण निहित हुन्छ ।

*(साभार- बुद्ध वर्ष २५४०, मंसीर २०५३, वर्ष१३, अङ्क८)*




भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## *भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## ११. दोबाटो

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**
*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मी – यी तीन जना सुकुमारीहरूले गृहस्थरूप त्यागी क्रमशः धम्मवती, मागधी र माधवी नामले अनगारिका भएको दुई महिना बित्यो । त्यतिबेला सम्ममा कलकत्ता स्थित नेपाली बाणिज्य दूतावासबाट उनीहरूलाई पासपोर्ट दिलाइदिने सम्बन्धमा केही गर्न सक्ने आश्वासन प्राप्त भयो । कलकत्ता स्थित बुद्ध- विहारहरूमा बस्ने भिक्षुहरूले र कलकत्तामा भएको बौद्ध संस्था महाबोधि सोसाइटीका पदाधिकारीहरूले पनि त्यस सम्बन्धमा सक्दो सहयोग पुऱ्याउने आश्वासन दिइपठायो । त्यसैले पासपोर्टका निवेदकहरू– धम्मवती, मागधी र माधवी तथा पासपोर्ट लिने काममा सहयोग गर्ने स्थविर धम्मावुध, उनीहरू चारै जना कलकत्ता जाने निश्चित भयो । तर ठीक त्यसै बेला लक्ष्मीमाया र भक्तकृष्ण नामको एकजना अर्को मान्छे ललितपुरबाट कुशीनगर आइपुगे । उनीहरू धम्मवती, मागधी र माधवीलाई नेपालमा फिर्ता लैजान आएका थिए ।

कुरा के भएको थियो भने गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मी शीलवती भएको खबर पाएपछि उनीहरूका आमा-बुबाहरूले बुद्धशासनमा गइसकेका छोरीहरूलाई फेरी बुद्धशासनबाट फिर्ता बोलाउनु उचित नभएको स्वीकारेपछि केही समय शान्तपूर्वक नै बितेको थियो । तर उनीहरू शीलवती भइसकेपछि पनि पासपोर्टको अभावले बर्मा जान नसकेर लामो समयसम्म कुशीनगरमै बसिरहेका छन् भन्ने कुरो थाहा पाएपछि उनीहरूका आफन्तहरू, उपासक–उपासिकाहरू तथा केही भिक्षुहरू समेतले त्यस विषयमा अर्कै दृष्टिकोणले सोच्नपुगेका थिए । उनीहरूले के विचार गरे भने– "त्यति लामो समयसम्म प्रयत्न गर्दा पनि बर्मा पठाउने व्यवस्था हुन नसकेपछि फेरी पनि एउटा विदेशी भिक्षुलाई लगातार दुःख दिइरहनु ठीक छैन । त्यसैले पछि व्यवस्था मिलेमा फेरि पठाउने गरी हाललाई उनीहरूलाई नेपालमै फिर्ता बोलाएर ल्याउनुपर्छ ।" त्यसैले गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मीका आमा–बाबुहरू उनीहरूलाई नेपालमा फिर्ता बोलाउनमा एक प्रकारले बाध्य भएको थिए ।

मनोहरादेवी र शुभलक्ष्मीलाई फिर्ता लैजान उनीहरूकी आमा लक्ष्मीमाया आउन पाए पनि गणेश-कुमारीलाई फिर्ता लैजान व्यापारिक व्यस्तताको कारण हर्षमानले धनकाजीलाई पठाउन नसकेर उसको सट्टामा हर्षमानको आफ्नो विश्वासिलो मान्छे भक्तकृष्णलाई पठाएको थियो ।

गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मीलाई नेपाल फिर्ता लैजाने सम्बन्धमा कुरा हुँदा सुरुमा उनीहरू तीनै जनाले नेपाल नफर्कने अडान लिए । उनीहरूले त्यसरी नेपाल नफर्कनमा अडान लिएता पनि लक्ष्मीमाया र भक्तकृष्ण दुबै जनाले उनीहरूलाई नेपाल फिर्ता लैजानमा अति जोड दिएको देख्दा भिक्षु धम्मावुधले उनीहरूलाई शीलवती भइसकेकाहरूलाई त्यसरी उनीहरूको इच्छा विरूद्ध नेपाल फिर्ता लैजाने जिद्दी नगरेपनि हुन्छ भन्ने कुरो सम्झाउने प्रयत्न गर्नु भएको थियो । तर पछि लक्ष्मीमाया र भक्तकृष्णको कुरा गराइबाट नेपालमा भएका अनेक प्रकारका कुराहरू बारे थाहा पाइसकेपछि त्यस सम्बन्धमा उहाँ पूर्णतया मौन हुनुभयो । मागधी र माधवी पनि नेपाल फर्कनमा नाइनास्ति गरिरहन नसक्ने अवस्थामा परे । त्यो सब भइसकेपछि धम्मवतीले गहभरि आँसु पारी यसरी भनी– "भन्ते ! तपाईले बारम्बार निर्वाण धर्म छ र मानिसले निरन्तर अप्रमादी भइ भगवान बुद्धले देखाउनु भएको आर्य–अष्टाङ्गिक मार्गमा लागिरहने प्रयत्न गरेमा सके यही जन्ममा नसके कालान्तरमा पारमी पुगेपछि भएपनि निर्वाण लाभ गर्न सक्ने छ भनेर हौसला दिने

गर्नुहुन्छ । तर अहिले बर्मासम्म जाने कुरोमा भने तपाईले त्यसरी हौसला दिन छोड्नु भएको छ । के साँच्चै बर्मा जान सक्ने सम्भावना नै नभएर त्यसरी हौसला दिन छोड्नु भएको हो ? यदि कुरा त्यस्तो छैन भने घरमा त्यत्रो संघर्ष गरेर यहाँसम्म आइसकेपछि फेरि घरमा फर्किरहने मेरो विचार छैन । जसरी निर्वाण पाउनमा भगवान बुद्धले देखाउनु भएको आर्य-अष्टाङ्गिक मार्गमा निरन्तर लागिरहनु पर्ने हो त्यसरी नै बर्मा जाने बारे तपाईले देखाउनु हुने बाटोमा नै निरन्तर लागिरहने मेरो अठोट छ । वास्तवमा मैले गर्न पनि त्यसरी नै गर्नुपर्छ । किनभने मलाई मेरी आमाले पत्र लेखी तपाईको जिम्मामा समर्पण गरिसक्नु भएकोछ । जसले जे सुकै भने पनि जबसम्म तपाईंले अब बर्मा जान सक्ने सम्भावना नै छैन अथवा म तिमीलाई बर्मा पठाउने व्यवस्था गर्न सक्दैन भनेर भन्नु हुने छैन तबसम्म म नेपाल फिर्ता जाँदैजान्न ।"

धम्मवतीले यसरी आफ्नो अठोट स्पष्ट गर्नुका साथै त्यस विषय अन्तिम निर्णय स्थविर धम्मावुधकै जिम्मा लगाएपछि उहाँले आफ्नो मौनता यसरी टोड्नु भयो–

"हामी भिक्षुहरू बुद्धशासनमा सक्दो टेवा दिनका लागि आत्मसमर्पित भएर नै भिक्षु भएका हुन्छौं । त्यसैले बुद्धशासनमा टेवा पुग्ने कुरोमा जस्तो सुकै समस्याको सामना गर्नुपरे पनि हामी पछि हट्नु हुँदैन ।

यदि तिमीहरू स्वयम् घर नफर्की बर्मामा गएर, बुद्ध-धर्म पढी बुद्धशासनमा टेवा दिने काममा लाग्न दृढ छौ भने, जस्तो सुकै समस्याको सामना गर्नु परे पनि तिमीहरूलाई बर्मा पठाउने काममा निरन्तर लागिरहनु मेरो कर्तव्य हुन्छ । तर तिमीहरूका देशवासीहरूले, तिम्रा आमा-बुबाहरूले तिमीहरूलाई नेपालमै फिर्ता लैजाने अठोट गरेपछि मैले आफ्नो तर्फबाट तिमीहरूलाई यसो गर अथवा यसो नगर भन्नु उचित हुन्दैन । तिमीहरू फिर्ता जान्छौ अथवा फिर्ता नगई अझ पनि बर्मा जाने प्रयत्नमा लागिरहन चाहन्छौ त्यो त मात्र तिमीहरूको कुरो हो । यसमा तिमीहरूले नै आपसमा राम्ररी छलफल गरी निर्णय गर्नसक्नु पर्छ ।

जहाँसम्म धम्मवतीको कुरो छ, तिम्रो आमाले मलाई लेखेको पत्र मसँग छ । त्यस पत्रमार्फत मलाई दिइएको अधिकार फिर्ता लिएको छैन । यसबाट के कुरो स्पष्ट हुन्छ भने तिम्रो बुबाले तिमीलाई फिर्ता बोलाउन पठाएको भएपनि तिम्री आमाको त्यसमा समर्थन रहेनछ । त्यसो भएकाले तिमीले तिम्रो आफ्नो व्यक्तिगत निर्णय तिम्रो बुबा र अरू सबैलाई राम्ररी सम्झाएर पत्र लेख्नुपर्छ ।"

यसरी आफ्नो उद्देश्यबाट कुनैपनि हालतमा विचलित हुन नचाहने धम्मवतीलाई स्थविर धम्मावुधले पनि त्यस विषय ऊ आफैले व्यक्तिगत रूपमा अन्तिम निर्णय लिन पाउने स्वतन्त्रता भएको कुरो सम्झाउनुभएपछि उसलाई बोलाउन आउने भक्तकृष्णले धम्मवतीलाई फिर्ता लैजाने सम्बन्धमा फेरि कर गरिरहन सकेन । धम्मवतीले उसको बुबालाई उसको व्यक्तिगत निर्णय सम्बन्धी स्पष्टसँग सम्झाएर लेखेको पत्र लिएर नेपाल फर्कनमा भक्तकृष्ण राजी हुनुपर्‍यो । तर मागधी र माधवीले भने आफ्नी आमासँगै नेपाल नफर्कनमा कुनै ठोस निर्णय लिन सकेनन् । यसरी घरबाट सँगै निस्केका तीन जना सँगिनीहरू आखिर एउटा दोबाटोमा छुट्टिन बाध्य भए ।

कुशीनगरबाट करिब तीस माइल टाढा पर्ने गोरखपुर रेलवे स्टेसनमा दुई दिशातिर जाने दुई ओटा रेलहरू अडचाइएका थिए । नौगढतिर जाने रेलमा मागधी र माधवीका सीटहरू लक्ष्मीमाया र भक्तकृष्णद्वारा सुरक्षित गरिएका थिए । त्यस्तै नै बनारसतिर जाने रेलमा धम्मवतीको सीट स्थविर धम्मावुधद्वारा सुरक्षित गरिएको थियो । त्यसैले दोबाटोमा छुट्टिन गइरहेका ती तीनजना सँगिनीहरू अन्तिम अवस्थासम्म पनि आपसमा बिदाइवार्ता गर्नमा लागिरहे । मागधी र माधवी कहिले आफ्नो विवशतामा दुःख व्यक्त गर्दथे त कहिले धम्मवतीको साहसको प्रशंसा गर्नमा लागेका थिए । धम्मवती ती दुई दिदी-बहिनीका कुरा सुन्नुका साथै उनीहरूलाई हरेस नखाने सल्लाह दिनमा लागी । केहीबेरमा त्यो बिदाइवार्ता पनि टुंग्याउनु पर्ने अवस्था आयो । किनभने नौगढतिर जाने रेलले अगाडि बढ्न् सिटी बजाएको थियो ।

गुड्नै लागेको रेलमा बसिसकेका मागधी र माधवीलाई धम्मवतीले भनी– "साथीहरू ! यसरी दोबाटोमा छुट्टिन परेपनि हामीले उसबेला नेपालमा एकसाथ गरेको प्रतिज्ञा नबिर्सनु । निरन्तर त्यही उद्देश्यमा लागिरहनु । पछि म फर्केपछि हामीले एकसाथ मिलिजुली अगाडि बढ्ने प्रयास गर्नुछ ।

मेरो घरमा मेरा आमा-बुबालाई मेरो प्रणाम सुनाइदिनु । म चाँडै नै बुद्ध-धर्म पढिसकेर नेपालमा फर्कने छुँ भन्ने कुरो पनि सम्झाउनु ।”

जवाफमा माधवीले पनि यसरी भनी– “हामी अभागी रहिछौं र यसरी पछाडि फर्कनमा विवश भयौं । तर हामी पनि आफ्नो प्रतिज्ञाबाट विचलित हुने छैनौं । सके हामी पनि पछि बर्मामा आउने छौं । नसके हामी नेपालमै बसेर पनि बुद्ध-धर्मको अध्ययनमा लागिनै रहने छौं ।

तिमी आफ्नो लक्ष्यमा सफल होस् । यही हाम्रो शुभकामना छ ।”

त्यो रेल अगाडि बढ्दै गएर अदृश्य भएपछि धम्मवती आफ्नो सीटमा आएर बसी । केही समयपछि ऊ बसेको रेल पनि अगाडि बढ्न थाल्यो ।

स्थविर धम्मावुधले कलकत्ता गई त्यतैबाट बर्मा जाने धम्मवतीलाई बाटोमा पर्ने सारनाथ, बुद्धगया, राजगृह र नालन्दा जस्ता ऐतिहासिक बौद्ध स्थलहरू देखाएर लैजाने विचार गर्नु भएको थियो । त्यसैले उनीहरू बनारसमा ओर्ले । त्यहाँबाट बसमा बसेर सारनाथ गए । सारनाथको मृगदावन स्थित धम्मिकस्तूप नामको धर्मचक्र प्रवर्तन स्मारक अगाडि बसेर धम्मवतीले धम्मचक्क सुत्तको पाठ गरेर ऊ चाँडै ग्रन्थधर हुन सकोस् भनेर कामना गरी । त्यो एकदिन सारनाथ स्थित बर्मी विहारमा बसी दोश्रो दिन उनीहरू त्यहाँबाट गयातिर लागे । बुद्धगयामा बोधिवृक्ष, महाबोधि चैत्य र सप्त स्थानमा अन्य चैत्यहरू दर्शन गरे । बुद्धगया स्थित बर्मी विहारमा पनि एकदिन बिताएर प्रथम सङ्गायन सम्पन्न भएको स्थान राजगृह र विश्व विख्यात नालन्दा विश्वविद्यालय रहेको स्थान पनि हेरेर फर्के । यसरी केही ऐतिहासिक बौद्ध स्थानहरूको भ्रमण गरिसकेपछि तेश्रो दिन उनीहरू बर्मा जाने मूलद्वारको रूपमा रहेको कलकत्तामा पुगे ।

*क्रमशः*

## सेवा नै धर्म



✍ **विद्याकुमारी बज्राचार्य**

रोगी सेवा हो तथागत बुद्धको सेवा
बुढाबुढीको सेवा नै बुद्धको सेवा
दीनदुखी माथिको सेवा नै बुद्धको सेवा
धर्मपालन नै तथागत बुद्धको सेवा
देखावटी पूजा हुँदैन सार्थक धर्म
बुद्ध धर्म र संघको सेवा नै सार्थक धर्म
मातापिता र गुरूको सेवा नै सार्थक धर्म
जीवहिंसा नगर्नु नै परोपकारी धर्म
पञ्चशील पालन नै सार्थक धर्म
अज्ञानीलाई ज्ञान बुझाउन सक्नु नै सार्थक धर्म
दीन दुखीलाई माया दया गर्नु नै सार्थक धर्म
मीठो बोलीद्वारा उपकारी कार्य गर्नु नै सार्थक धर्म

## सकलि लँपुयात खंके मफु भ्रीसं



✍ **नातीकाजी महर्जन**
*पूच्व यल*

लखं म्ह मोल्हुक्व पतिंक पुनागु वसः हिली भ्रीसं
थःगु बानी व्यवहार बाँमलाःगुयात हिले मसः भ्रीसं
चःतिं मोल्हुयाः जीवन हिले मसः भ्रीसं
लखं जक मोल्हुयाः आयू फुकी भ्रीसं
हरेक नखःचखः बले नसा त्वंसा हिली भ्रीसं
ज्ञानयातकयाः अज्ञानता हिले मसः भ्रीसं
इलं ब्यूगु न्हूहूगु वसः पुनाः ब्वयाज्वी भ्रीसं
जन्मं घानावयागु मखुगु बानी हिलेमसः भ्रीसं
पुलांगु छयँयात न्हूगु धाँचा पिकयाः दनेसः भ्रीसं
अन्धविश्वासी सँस्कृतीयात त्वःता ज्ञानं जाःगु संस्कृती छयूलेमसः भ्रीसं
नक्कली सुखय् जक तक्यनाः दुःखं लिनाच्वंगु मस्यू भ्रीसं,
दुःखयात मदयकयत सुखबीगु ज्ञानया लँ ल्यँ मसः भ्रीसं
काम सुखय् जक ल्यँल्यँ पुयाः भिंगु संकल्प त्वती भ्रीसं
वैराग्यया मू थ्वीकाः विपश्यना ध्यान यायगु कुतः मयाः भ्रीसं
भगवान् बुद्धं बियाबिज्याःगु अर्ति उपदेशया मथू मगू भ्रीसं
लाया मिखां जक स्वयसःपिसं निर्वाणयात खंकेमफु भ्रीसं

# भगवान् बुद्धका बाह्र कर्म विपाकहरू

✍ भिक्षुणी धम्मवती गुरुमां
अनुवाद- वीर्यवती

भगवान् बुद्धले धर्मको परिभाषा सरल रूपमा यसरी दिनु भएको छ –

**सब्ब पापस्स अकरणं, कसुलस्स उपसम्पदा**
**सचित्त परियोदपनं एतं बुद्धानुसासनं**

अर्थात्- सबै पापकर्म नगर्नु, असल एवं हितउपकारी कार्य मात्र गर्नु र आफ्नो चित्तलाई शुद्ध गर्नु, यही नै बुद्धहरूको शिक्षा हो ।

संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) एवं चतुआर्य सत्य (दुःख, दुःख समुदय सत्य, दुःख निरोध सत्य एवं दुःख निरोधगामिनी प्रतिपदा आर्य सत्य) लाई भित्री मनले बुझ्न नसकेको कारणले हामी गलत धारणा, गलत सोचाई र गलत विचारमा परी बेहोशी बन्न पुग्छौं । फलस्वरूप राग, द्वेष र मोहको बसमा परी हामीले अरूलाई दुःख हुने अकुशल कार्य गर्न पुग्छौं । यसको प्रतिफल हामीले दुःखरूपी कर्मफल भोग्न बाध्य भइरहेका हुन्छौं । त्यसैले भगवान् बुद्धले बताउनुभएको शिक्षालाई अध्ययन गरी प्रज्ञारूपी ज्ञानको आँखाले सम्यक दृष्टि अर्थात् ठीक सोचाईलाई अपनाउन सकेको खण्डमा जन्म मरण चक्रबाट नै मुक्त हुने भाग्य प्राप्त गर्न सक्नेछौं । त्यसको लागि हामीले बुद्ध शिक्षाका तल उल्लेखखित ५ वटा खुड्किलाहरू पार गर्न अत्यावश्यक देखिन्छ ।

(१) **कम्म सकता सम्यक दृष्टि** –

कम्म सकता समयक दृष्टि भएको व्यक्तिले कर्म र कर्मफल विषयमा विश्वास गर्छ । आफूले गरेको राम्रो र नराम्रो कार्मको फल आफैंले भोग्नु पर्दछ भन्ने प्राकृतिक नियमलाई भित्री मनले नै बुझी आफूलाई र अरूलाई पनि हितोपकार हुने कार्य मात्र गर्नेछ ।

(२) **ध्यान सम्यक दृष्टि** –

ध्यान सम्यक दृष्टि भएको व्यक्तिले आफ्नो चित्तलाई असल (कुशल) कार्यमा लगाउने र खराब (अकुशल) कार्यबाट टाढा राख्ने अभ्यास गरिरहेको हुन्छ । चित्तको बसमा नगई चित्तलाई आफ्नो बसमा राख्न सकेमा मात्र शान्ति प्राप्त हुँदो रहेछ भन्ने सत्य तथ्य प्राकृतिक नियमलाई उसले भित्री मनले बुझेको हुन्छ ।

(३) **विपश्यना सम्यक दृष्टि** –

विपश्यना सम्यक दृष्टिको तहमा पुगेको व्यक्तिले क्षण क्षणमा आफ्नो शरीर (रूप) र आफ्नो चित्त (नाम) लाई अलग्ग, अलग्ग छुट्टाएर हेर्न सक्ने क्षमता प्राप्त गरेको हुन्छ ।

(४) **मार्ग सम्यक दृष्टि** –

मार्ग सम्यक दृष्टि प्राप्त गरिसकेको व्यक्तिले आफ्नो चित्तबाट क्लेश हटाई लोकोत्तर मार्ग प्राप्त गरिसकेको हुन्छ ।

(५) **फल सम्यक दृष्टि** –

फल सम्यक दृष्टि प्राप्त गरिसकेको व्यक्तिले क्लेश नाश गरी लोकोत्तर फल (आध्यात्मिक शान्ति) को रसलाई अनुभव गरिरहेको हुन्छ ।

यसरी आर्य अष्टाङ्गिग मार्गहरू मध्येको प्रथम मार्ग सम्यक दृष्टि जुन व्यक्तिमा विद्यमान हुन्छ, त्यस व्यक्तिले बाँकी रहेका अन्य सातवटा आर्य मार्गहरूलाई स्वतः प्राप्त गरेको हुन्छ । त्यसैले जुन व्यक्तिले माथि उल्लेखित सम्यक दृष्टिको पाँचवटा तहले पारङ्गत हुने सौभाग्य प्राप्त गर्छ, उसले सम्पूर्ण सांसारिक दुःखबाट मुक्ति प्राप्त गरी भाग्यमानी बन्न सक्दछ ।

तर जबसम्म सम्यक दृष्टिबाट अलग्ग रहने छ, तबसम्म हामी भवचक्रबाट अल्मलिएर कुशल र अकुशल कर्मफलको भागीदार बन्दै फल भोग्नको लागि बाध्य भई दुःखकष्ट भोगिरहनुपर्ने हुन्छौं । आफूले रोपेको कर्मको फल भोग्ने संयोग मिलिसकेको भए अरहन्त भइसकेका पवित्र, निक्लेशी व्यक्तिले समेत त्यस कर्मफल भोग्नु नै पर्ने प्रकृतिको नियम रहेको छ । यसलाई स्वयं बुद्धले समेत पचाउन नसकिने रहेछ । उदाहरणको लागि शाक्यमुनि बुद्धले समेत १२ वटा कर्म विपाक भोग्नु भएको प्रमाण यहाँ प्रश्न उत्तरको रूपमा प्रस्तुत गर्न सान्दर्भिक ठानेको छु ।

शाक्यमुनि बुद्धले भोग्नु भएको १२ वटा कर्म विपाक र त्यसका कारणहरू यसरी रहेका छन्–

**प्रश्न नं**. १ : शिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गर्नका लागि अर्थात् बुद्ध हुनका लागि गृहत्याग

गर्नुभएपछि उरुवेल बनमा आफ्नो शरीरलाई अति कष्ट हुने गरी ६ वर्षसम्म दुस्कर चर्या गर्नु परेको थियो । कुन कर्म विपाकको कारणले उहाँले यस्तो दुःख भोग्नु परेको होला ?

**उत्तर** : काश्यप बुद्ध बन्न अभ्यासरत बोधिसत्त्वले बुद्ध हुनु अगाडि ६ दिन दुष्कर तपस्या गर्नुभएको कुरा ज्योतिपाल (भविष्यमा शाक्य मुनि बुद्ध हुने बोधिसत्त्व) ले सुनेको कारणले अज्ञानतावस अभिमान रूपी क्लेश चित्त प्रयोग गरी यसरी बोल्नुभएको थियो–

"छ दिन मात्र तपस्या गरी बुद्ध बन्न सक्ने हो भने ६ दिन त के मैले ६ वर्षसम्म पनि तपस्या गर्न तयार छु ।" यसरी अभिमान रूपी क्लेश चित्त प्रयोग गरी अकुशल कर्म रोप्नु भएको कारणले सिद्धार्थ बोधिसत्त्वको जन्ममा उहाँले ६ वर्षसम्म नै कठोर दृष्करचर्या गर्नु भएपछि मात्र बोधिज्ञान प्राप्त गरी शाक्य मुनि बुद्ध बन्न सफल हुनुभएको थियो ।

**प्रश्न नं**. २ : चिञ्चमान नाम गरेको एक महिलाले नक्कली गर्भवती बनी एिक सभामा विराजमान हुनुभएका शाकय मुनि बुद्धलाई उनकी श्रीमान् हुनुभएको भूठो आरोप लगाउन पुगेकी थिइन् । बुद्ध जस्तो निक्लेशी एवं पवित्र व्यक्तिले समेत किन यस प्रकारको निन्दनीय भूठो आरोप खेपी निन्दित हुनपरेको होला ?

**उत्तर** : एकसमय बोधिसत्त्व (भविष्यका शाक्य मुनि बुद्ध) मदिरा सेवन गरी विस्मृति बनेका थिए । त्यही समय उनले पिण्डाचारको लागि पाल्नु भएका एक अरहन्त भिक्षुलाई हेला गर्दै यसरी दुर्वचन प्रयोग गरेको थिए ।

"लौ आयो हेर ! शील भ्रष्ट ब्यभिचारी" यसरी एक परिशुद्ध आर्य पुद्गललाई भूठो आरोप लगाउन पुगेको अकुसल एवं निन्दनिय कर्मको फले शाक्यमुनि बुद्ध हुनुभएको पवित्र जीवनमा समेत भूठो आरोप खेपी निन्दित बन्नुपरेको थियो ।

**प्रश्न नं**. ३ : तिर्थंकरहरूकी शिष्या सुन्दरी परिब्राजिका जेतवन विहारमा दिनहुँ पुगी शाक्यमुनि बुद्धकी श्रीमती हुँ भन्दै लोकको अगाडि भूठो हल्ला प्रचार गर्दै हिँडेकी थिइन् । यसरी शाक्यमुनि बुद्ध जस्तो पवित्र महामानव पनि सुन्दरी परिब्राजिकाको कारणले लोक निन्दित हुन परेको थियो । यो कुन कर्म विपाकको कारण होला ?

**उत्तर** : एक समय मुनालि नामक बोधिसत्त्व (भवियका शाक्य मुनि बुद्ध) ले एकजना प्रत्येक बुद्धलाई दुराचारी आयो भनी फरुस वाक्य प्रयोग गरेको थियो । यही अकुसल वचन प्रयोग गरेर आएको कर्म विपाकको कारणले उहाँ भगवान् बुद्ध जस्तो पवित्र व्यक्ति हुनुभए पनि कर्म विपाक भोग्ने संयोग जुरेको कारणले गर्दा लोकद्वारा निन्दित हुनुपर्ने फल भोग्नु परेको थियो ।

**प्रश्न नं**. ४ : सुन्दरी परिब्राजिकालाई तिर्थंकरहरूले हत्या गरी जेतवन विहार प्रांगणमा एक खाल्डोभित्र पुर्न लगाएका थिए । त्यसपछि उनी परिब्राजिकालाई भगवान् बुद्धले हत्या गरी आफ्नो दुराचार कार्य छोप्नका लागि उक्त खाल्डोमा पुरेर लुकाइराखेको हो भनी ती तिर्थंकरहरूले भगवान् बुद्ध माथि भूठो आरोप लगाएका थिए । यसरी कुन पापको कारणले भगवान् बुद्ध जस्तो शुद्ध, निर्दोष व्यक्तिले पनि यस्तो भूठो लाञ्छना एवं दोषारोपण सहनु परेको ?

**उत्तर** : बोधिसत्त्व (भविष्यका शाक्यमुनि बुद्ध) एक जन्ममा ऋषि प्रव्रज्या हुनु भएको थियो । एकदिन आकाश मार्गबाट उडेर आउनु भएको अर्को ऋषिको शक्ति देखी आफूसँग त्यस्तो शक्ति नभएको कारणले इर्ष्यायुक्त चित्त उत्पन्न भएर उहाँप्रति यसरी भूठो आरोप लगाउनु भएको थियो ।

"कसैलाई हत्या गरी भागेको होला" यसरी निर्दोष पवित्र ऋषिलाई भूठो आरोप लगाई आएको फलस्वरूप यस जीवनमा उहाँले आफूमाथि आइपरेको भूठो आरोप खेप्न परेको थियो ।

**प्रश्न नं**. ५ : तथागत (शाक्य मुनि बुद्ध) गृद्धकुट पर्वतमा जानुहुँदा देवदत्तले उहाँलाई हत्या गरी उ बुद्ध बन्ने कुनियत राखी भगवान् बुद्धलाई ढुंगा प्रहार गरेको थियो । यसरी भगवान् बुद्ध जस्तो पवित्र व्यक्तिले पनि अरूको प्रहारलाई थाप्नुपर्ने कुन विपाकको कारण होला ?

उत्तर : एक जन्ममा भगवान् बुद्ध हुने बोधिसत्त्व महाजन कुलमा जन्म लिनुभएको थियो । त्यही जन्ममा उहाँले आफ्नो भाईलाई सम्पत्ति अंश आधा दिनुपर्ला भनी कुनियत राखी भाईलाई फकाई जंगलभित्र लगी हत्या गरेको थियो । यही अकुशल पाप कर्मको विपाकले देवदत्तद्वारा गरेको ढुंगा प्रहारको चोट खेप्न परेको थियो ।

**प्रश्न नं** ६ : देवदत्तले भगवान् बुद्धलाई ढुंगा प्रहार गर्दा त्यस ढुंगाको एक टुक्रा उछिट्टिएर आई भगवान्

बुद्धको खुट्टाको बुढी औंलामा परेर उक्त औंलामा रगत जमेको थियो । भगवान् बुद्धको यो कुन जन्मको अकुशल कर्मको विपाक थियो ?

**उत्तर** : एक समय भगवान् बुद्ध हुने बोधिसत्त्व महाजन कोखमा जन्मेको थियो । उक्त जन्ममा प्रत्येक बुद्धलाई उहाँले रगत बग्ने गरी ईंटाले हानेको थियो । यही कुकर्मको फल भोग्दै शाक्यमुनि बुद्ध हुनु भएपछि पनि देवदत्तको ढुंगा प्रहारले रगत जम्ने गरी चोट सहनुपरेको थियो ।

**प्रश्न नं**. ७ : रक्सी पिलाएर जिस्काइएको कारणले रिसाउँदै रीसले चूर भएर मात्तिएको नालागिरी हात्तीले भगवान् बुद्धलाई लखेटेको थियो । यो कुन जन्मको अकुशल कर्मको विपाक होला ?

**उत्तर** : एक जन्ममा बोधिसत्त्व माउते कोखमा जन्मेको थियो । उक्त जन्ममा बोधिसत्त्वले एकजना प्रत्येक बुद्ध आइरहनु भएको देखी उहाँलाई हात्तीले लखेट्न लगाई मार्ने चित्त उत्पन्न गरेको थियो । यसरी अकुशल चित्त उत्पन्न गरेको खराब चित्तको कर्म विपाकको कारणले शाक्यमुनि बुद्ध जस्तो परिशुद्ध व्यक्तित्त्वका हुनु भएपनि उहाँलाई नशाले चूर भएको नालागिरी हात्तीले लखेट्न आएको थियो ।

**प्रश्न नं**. ८ : ढुंगा प्रहार भएको खुट्टाको औंलामा रगत जमेको कारणले उक्त घाउ पाकेर भगवान् बुद्धलाई धेरै पीडा भएको थियो । त्यसैले जीवक वैद्यले भगवान् बुद्धलाई उक्त घाउको शल्यक्रिया नै गर्नुपरेको थियो । शाक्यमुनि बुद्धको कुन जन्मको विपाक होला यो ?

**उत्तर** : एक जन्ममा बोधिसत्त्व प्रान्तिय राजा भएको थियो । त्यहीबेला उनले रक्सी पिएर विस्मृति भई निर्दोषी जनताहरूलाई छुरा प्रहार गरी सास्ती पूर्वक अकारण नै मार्न लगाएको थियो । यही पापकर्मको फलस्वरूप शाक्यमुनि बुद्ध हुनुभएको बेलामा समेत घाऊको कारणले पीडा रहनुपरेको थियो ।

**प्रश्न नं**. ९ : भगवान् बुद्धलाई कहिलेकाहीं कपाल दुखाईको कारणले धेरै कष्ट रहनु पर्थ्यो । यो कुन कर्म विपाकको फल होला ?

**उत्तर** : एक जन्ममा बोधिसत्त्व माझी गाउँमा जन्म लिनु भएको थियो । एकदिन एउटा गाउँमा गइरहनुभएको बेला एउटा माझीले ठूलो माछा मारेर उक्त माछाको टाउकोमा प्रहार गरेर मारेको दृश्य देखी उहाँ बोधिसत्त्वले माझीलाई खूब प्रशंसा गर्दै प्रसन्न मुद्रामा हेरिरहनु भएको थियो । यसरी माझीले गरेको अकुशल कार्यलाई रोक्न खोज्नुको बदला प्रसन्नता व्यक्त गरेको विपाक फलले भगवान् बुद्ध जस्तो निक्लेशी महामानवलाई पनि समय-समयमा टाउको दुख्ने रोगले पीडित हुनुपरेको थियो ।

**प्रश्न नं**. १० : एकपटक वेरन्जा ब्राह्मणले भगवान् बुद्धलाई वर्षावास भरिको लागि निमन्त्रणा गरेर लगेको थियो । तर उसले भगवान् बुद्धलाई आफूले निमन्त्रणा गरेको कुरालाई नै बिर्सेर केही पनि उपस्थान गर्न पाएन । त्यही समय उक्त स्थानमा अनिकाल परेको कारणले अन्न अभाव भएको हुँदा त्यस स्थानमा अरू मानिसहरू कोही पनि भएनन् । भोजन अभावको कारणले भगवान् बुद्धले घोडाको दाना खाएर पनि जीवन निर्वाह गर्नुपरेको थियो ।

कुन कर्म विपाकको कारणले भगवान् बुद्ध जस्तो पवित्र व्यक्तिले पनि यस्तो कठिनाईको सामना गर्नुपरेको होला ?

**उत्तर** : बोधिसत्त्वको एक जन्ममा भिक्षुहरू भिक्षाटनको लागि आइरहनु भएको थियो । यौवनमत्तामा पुगेको बोधिसत्त्वले अभिमानी चित्तको वसमा गई यिनीहरूलाई राम्रो खाना किन दान दिने ? घोडाको दाना दान दिने नि भन्दै होच्याएर निन्दा, उपहास गरेको थियो । यस अकुशल कर्मरूपी बीऊको फलस्वरूप शाक्यमुनी बुद्ध जस्तो व्यक्तित्त्वले पनि ३ महिनासम्म घोडाको दाना खाएर जीवन निर्वाह गर्नु परेको थियो ।

**प्रश्न नं**. ११ : भगवान् बुद्धलाई कम्मर दुख्ने रोगले पनि सताउने गर्थ्यो । यो कुन कर्म विपाक हो ?

**उत्तर** : एक जन्ममा बोधिसत्त्वले मल्ल युद्ध गरेको थियो । उक्त घटनामा बोधिसत्त्वले एक व्यक्तिको कम्मर भाँचेर पराजित गरिदिएको थियो । त्यही कुकर्मको प्रतिफल अनुसार उहाँ बुद्ध हुनु भए पनि उहाँलाई कम्मर दुख्ने रोगले खूब सताउने गर्थ्यो ।

**प्रश्न नं**. १२ : संसारका प्राणीहरू मध्ये छद्दन्त एकदम बलवान् प्राणीमा गनिथ्यो । छद्दन्त जस्तो भगवान् बुद्ध पनि विश्वमा बलिष्ट व्यक्तिमा गनिन्छ । तर यस्तो बलिष्ट व्यक्तिले समेत चुन्दले दान दिएको भोजन पचाउन सक्नु भएन । खाना पचाउन नसकी यही कडा भोजनको

कारण उहाँलाई धेरै वेदना सहनु परेको थियो । यस कर्मफलको कारण के होला ?

**उत्तर** : एक जन्ममा बोधिसत्त्व चिकित्सक थिए । त्यसबेला उहाँले औषधिमूलो गरी निको पारिसकेको एक सेठ पुत्रलाई कुनै कारणवस क्रोधको आवेगमा आई फेरि अर्को औषधि खुवाई झाडावान्ता गराइदिएको थियो । यही कर्म विपाकको फलस्वरूप उहाँलाई यस प्रकारको फल भोगाइएको थियो ।

**सारांश** : यस संसारमा विपाकलाई साधारण रूपमा लिएर हेलचेक्र्याईं गर्न हुँदैन । आफूले रोपेको कर्म विपाक भोग्ने संयोग जुरिसकेपछि भगवान् बुद्धले समेत फल भोग्न बाध्य हुनुपर्दो रहेछ भने हामी जस्तो साधारण व्यक्तिको त के कुरो ? त्यसकारण कर्माकर्मफललाई बुझी हामीले दुर्भाग्य रूपी नराम्रो कर्मफल भोग्न नपर्ने गरी नराम्रो खराब कर्मको बीऊ नरोप्नको लागि आफूलाई संयम गर्नुपर्ने शिक्षा माथि उल्लेखित घटनाले दिइरहेको छ ।

## गुहालि याय् सयक्य

**भरतराज चित्रकार**

*त्यःर तंलाछी त्वाः, दथुननि चुक*

तःधंगु लिई गुहालि याय् मफुसानं
चिकिधंगु निसें गुहालि याय् सयक्य
समस्या जुयाच्वंम्ह सु प्राणीयात
फुथे गुहालि यानाः मन याउँक्य

म्हुतुं अर्ति बियाः सिबेनं
व अर्तियात ज्यायानाः क्यने सयक्य
थंम्ह निं न्हापां पलाः न्त्याकाः
समस्या ज्यंकायंके फय्क्य

मन स्यंकाः याय्गु गुहालि
खनेमदयक न्हापां थःत निं ज्वी हानि
लय्ताःगु मनं ब्यूगु गुहालिं
थःत निं न्हापां दई भिँगु प्रेरणा

गुहालि काःम्हसिया गुलि लय्ताईमन
गुहालि ब्यूम्हसिया अपो लय्ताई मन
ब्युब्युंवने फय्माः अपो गुहालिं
अले दै भीत दुग्योगु पुण्य

# थः वर्ग



*भावानुवाद* - **सत्यमोहन जोशी**

प्रेम दु धैगुहे थःतः जूया याय्मा सुरक्षित
स्वंगू मध्ये छगू याम ज्वीमा जाग्रत पण्डित ॥१॥
न्हापां थःतः सदा भिंका मेपिन्त उपदेश ब्यु
थुकथँ याम्ह ज्ञानीया मनस क्लेश दैमखु ॥२॥
मेपिन्त गुगु न्यंकेगु थःमं पालनया उगु
मेपि त्याकेगु थःत्यासा, थाकु त्याकेगु थः बरू ॥३॥
थःम्ह थहेसदा स्वामी मेपिं सु मदु थः बिना
थःत थःम्हं बुके फःसा स्वामित्व प्राप्त ज्वी नना ॥४॥
थःम्ह पैदा व उत्पन्न यानागु पापया फल
जुइ दुर्बुद्धिया दुःख वज्रथें ल्वहँ पर्वत ॥५॥
घुँसिमाय् गुँखियाचोथें सुया दुश्शील बृद्धि ज्वी
थःत थमंतु ज्या याना शत्रु इच्छा सरी व ज्वी ॥६॥
अहितगु मभिं ज्याखँ याय्त अःपु खुरू खुरू
हित ज्वीगु तथा भिंगु ज्या धासा थाकु याय्बरू ॥७॥
भ्रान्त सिद्धान्तया काबु जुया कारण मूर्खपिं
ब्यक्तिं याई सदा निन्दा धार्मिकपिन्त दुर्मति
अर्हत् शासननं निन्दा याई, फल स्वरूपजा
पँमाय् फल सया वोथें जुई उया बिनाशजा ॥८॥
थःमं यानागु पापंहे थःत मलिन ज्वी सदा
थःमं यानागु पुण्यंहे थःतःतु शुद्ध ज्वी सदा
शुद्ध अशुद्ध धैगु थ्व थः थःमं ज्वीगु निश्चय
सुनानं स्वैतहे शुद्ध फैमखु याय्गु निश्चय ॥९॥
परार्थ प्रति आत्मार्थ बहुधा हानि याय्मज्यू
आत्मार्थ धैगु सीकाहे सदर्थे नित ज्वीगु ज्यू ॥१०॥

# धर्मकीर्ति विहारमा रक्तदान



*श्रद्धेय भिक्षुणी धम्मवती गुरुमां समक्ष रक्तदान कार्यक्रम आयोजक परिवार*



*रक्तदान गर्नुहुँदै रक्तदाता*

*२०८० भाद्र २७ बुधवार ।*
*स्थान- धर्मकीर्ति विहार धम्महल ।*

विभिन्न अस्पतालहरूमा उपचारक्रममा रहेका विरामीहरूका लागि आवश्यक पर्ने रगत व्यवस्थापनमा सहजता ल्याउने उद्देश्यले धर्मकीर्ति विहारको आयोजनामा, श्रीमती वसुन्धरा तुलाधर सपरिवारको सहयोगमा भाद्र २७ गते धर्मकीर्ति विहार धम्महलमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । दिवंगत दाता द्रव्यमान सिंह तुलाधर (भाईराजा तुलाधर) को पुण्यस्मृतिमा आयोजित यस रक्तदान शिविरमा ५ जना श्रेद्धय प्रव्रजित गुरूमांहरू सहित १३ जना महिला र २१ जना पुरूषवर्ग सहित कुल ३४ जना रक्तदाताहरूले रक्तदान गरी पुण्य सञ्चय गर्नुभएका थिए । नेपाल रेडक्रस सोसाइटी केन्द्रिय रक्त संचार सेवा ताहाचलको प्राविधिक सहयोगबाट संचालित उक्त शिविरमा उपलब्ध – रगतले बिदा नभएको दिनमा पनि अस्पतालका विरामीहरूलाई आवश्यक रगत आपूर्तिमा सहज होस् भनी बुधवारका दिन रक्तदान कार्यक्रम संचालन गरिएको कुरा बुझिएको छ ।

यस रक्तदान कार्यक्रम सफलतापूर्वक संचालन गर्नका लागि सहयोग गर्नुहुने रक्तदाता गुरूमांहरू धर्मकीर्ति विहारका उपासकोपासिकाहरू, नेरेसो केन्द्रिय रक्तसंचार सेवाका प्राविधिकहरू, समाचार संकलन गर्नुहुने











*रक्तदान गर्नुहुँदै रक्तदाताहरू*





बोधि टेलिभिजन लगायत अन्य मिडियाहरूलाई धर्मकीर्ति विहार र स्व. द्रव्यमान सिंह तुलाधरका परिवारबाट साधुवाद व्यक्ति गरिएको छ ।

स्मरणिय रहोस् , धर्भकीर्ति विहारको आयोजनामा वर्षेनि बुद्ध जयन्तिको अघिल्लो शनिवारका दिन रक्तदान कार्यक्रम संचालन गर्दै आइरहेको छ । यसदिन धर्मकीर्ति विहारको आयोजनामा ४१ औं पटकको रक्तदान शिविर सम्पन्न भएको कुरा थाहा हुन आएको छ ।

यस रक्तदान शिविरमा रक्तदान गर्नुहुने रक्तदाताहरूको नामाबलि यसरी उल्लेख गरिएका छन्– (१) श्रद्धेय करूणावती गुरूमां (२) श्रद्धेय कुशलवती गुरूमां (३) श्रद्धेय कुशुमवती गुरूमां (४) राकेश शाक्य (५) केशब डंगोल (६) श्रद्धेय खेमावती गुरूमां (७) मायादेवी महर्जन (८) रविन श्रेष्ठ (९) प्रेम काजी शाक्य (१०) श्रद्धेय शुभवती गुरूमां (११) सुजन बैद्य, श्रेष्ठ (१२) आकार श्रेष्ठ (१३) यादव के सी (१४) केदार मुनिकार (१५) दिनोज चित्रकार (१६) कृष्ण प्रसाद मानन्धर (१७) मनिष बलामी (१८) पुनम शाक्य (१९) सुयोग रत्न तुलाधर (२०) रिमा स्थापित (२१) सुनिता कार्की (२२) रगिसा स्थापित (२३) रत्न श्रेष्ठ (२४) रोशन काजी तुलाधर (२५) लाल बहादुर बस्नेत (२६) विनय शाक्य (२७) मीना राउट (२८) सुशिल रत्न तुलाधर (२९) सुनिल मानन्धर (३०) सरोज वज्राचार्य (३१) मनोज दाहाल (३२) निर्जन शाक्य (३३) जेनेश सिखाकार (३४) सुनिल महर्जन ।

# पञ्चदानको उपलक्ष्यमा भिक्षाटन



*पञ्चदानको उपलक्ष्यमा आयोजित भिक्षाटन कार्यक्रममा सहभागी भिक्षुसंघ*

*२०८० भाद्र २६ । ने.सं. ११४३ गुँलागाः त्रयोदशी ।*
*12th Sept. 2023, मंगलवार*

पञ्चदानको दिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी धर्मकीर्ति विहारको आयोजनामा यसदिन श्रद्धेय भिक्षुसंघबाट काठमाडौंमा भिक्षाटन कार्यक्रम सम्पन्न भएको समाचार प्राप्त भएको छ ।

प्राप्त समाचार अनुसार श्रद्धेय भिक्षु पियदस्सी स्थविरको नेतृत्वमा चन्दागिरी - ५ किपुल्चा स्थित एहिपस्सिको बुद्ध विहारका २५ जना भिक्षुहरू उक्त भिक्षाटन कार्यक्रममा सहभागी हुनु भएका थिए ।

भिक्षाटन कार्यक्रमको मार्ग रूट यसरी प्रस्तुत गरिएको थियो ।

जमल – भमुलु – इनबहाः – जीम हल – छुस्या वहाः – ज्याठा चोक, तँलाछी – ध्वाखाबहाः – त्यःर – असं – कमलाछि – साझा गल्ली – भोटाहिती – दगुबहाः (विश्राम), असं – बालकुमारी – केलटोल – भेडासिं – किलाघः – इतुम्बहाः – नेपाल कटेज रिसोर्ट । समापन ।

भिक्षाटनमा सहभागी हुनुभएका श्रद्धेय भन्तेहरूलाई विभिन्न स्थानहरूमा रही श्रद्धेय गुरूमांहरू लगायत सयौं श्रद्धालु उपासकोपासिकाहरूले यथाश्रद्धा दानगरी पुण्य सञ्चय गर्नुभएको थिए ।

भिक्षाटन कार्यक्रममा नेपाल कटेज, रिसोर्ट, पकनाजोलले आवश्यक सहयोग गर्नु भएको थियो । त्यसैले भिक्षाटन कार्यक्रम समापन भएपछि भिक्षाटनमा सहभागी श्रद्धेय भिक्षुहरूलाई उक्त रिसोर्ट परिवारले पाऊ धोई रूमालले पुछी सेतो कपडा बिछाई स्वागत गरिएको थियो ।

कार्यक्रमा श्रद्धेय भिक्षु पियदस्सी स्थविरबाट धर्मदेशना गर्नुभई परित्राण पाठ गर्नु भएको थियो । कार्यक्रममा दानप्रदान पनि गरियो ।

नेपाल कटेज रिसोर्टबाट उक्त कार्यक्रममा सहभागी श्रद्धेय भिक्षुहरू स्वयंसेवकहरू लगायत सबैलाई जलपान भोजनको व्यवस्था गरी पुण्य सञ्चय गर्नुभएको थियो । भिक्षाटन कार्यक्रमलाई अध्ययन गोष्ठी धर्मकीर्ति फेसबुक च्यानलबाट लाइभ प्रसारण गरिएको थियो ।

यस भिक्षाटन कार्यक्रम व्यवस्थित तरिकाले सम्पन्न गर्नको लागि सहयोग गर्नुहुने धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू, एहिपस्सिको बुद्ध विहारका स्वयंसे्वकहरू लगायत अन्य सम्पूर्ण सहयोगीहरूलाई आयोजक परिवारले साधुवाद व्यक्त गरिएको छ । ■

# बौद्ध हाजिरी जवाफ प्रतियोगिता

२०८० आश्विन ६ शनिबार
धर्मकीर्ति विहार 'धम्महल' ।

श्रद्धेय धम्मवती गुरूमांको ९० औं जन्मोत्सबको उपलक्ष्यमा यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले अन्तर निम्न माध्यमिक विद्यालय स्तरिय बौद्ध हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गरियो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा र मचाकाजी महर्जनको संयोजकत्त्वमा, श्रद्धेय धम्मवती गुरूमांको सभापतित्त्वमा उर्मीला तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रममा गोष्ठीका सचिव लोचन तारा तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको शुरूवातमा श्रद्धेय भन्ते पञ्ञासारले पञ्चशील प्रार्थना गराउनु भएको थियो भने श्रद्धेय भिक्षु पियरत्नले प्रतियोगिताको नियम प्रस्तु गर्नुभएको थियो ।

प्रतियोगितामा आनन्दकुटी विद्यापीठ स्वयम्भूले ४७ अङ्क प्राप्त गरी प्रथम स्थान हासिल गर्न सफल भएको थियो भने फूलब्राइट स्कुल चांगुनारायण भक्तपूरले ३८ अङ्क प्राप्त गरी द्वितीय हुन सफल भएको थियो । यसरी नै आदर्श कन्या मा.वि. ललितपुरले १७ अङ्क प्राप्त गरी तृतीय बन्न सफल भएको थियो । यही क्रममा सिद्धि गणेश मा.वि. सोन्हखुट्टे काठमाडौले १५ अङ्क प्राप्त गरी सान्त्वना पुरस्कार प्राप्त गरेको थियो ।

यस हाजिर जवाफ प्रतियोगिताको विस्तृत विवरण तालिकामा यसरी प्रस्तुत गरिएका छन् –

**कार्यक्रममा सहभागी हुनुभएका विद्यार्थीहरू र स्कुलको नाम एवंम् प्राप्ताङ्कको विवरण तालिका –**

| क्र.सं. | स्कुल | विद्यार्थीहरू | प्राप्ताङ्क | श्रेणी |
|---|---|---|---|---|
| १. | आनन्दकुटी विद्यापीठ, स्वयम्भू, काठमाडौ | – अनुशा गुरूमां<br>– अरिया गुरूमां<br>– राजेश्वरी पहारी | ४७ | प्रथम |
| २. | फूलब्राइट स्कुल, चांगुनारायण, भक्तपूर | – रोशिका खड्का<br>– कुशल सापकोटा<br>– आकृति न्यौपाने | ३८ | दोश्रो |
| ३. | आदर्श कन्या मा.वि., ललितपूर | – ज्ञानीमाया शाही<br>– करूणा गिरी<br>– रेशमा महत | १७ | तेश्रो |
| ४. | शिद्धिगणेश सेकण्डरी स्कुल, सोन्हखुट्टे, काठमाडौं | – संजित ढकाल<br>– सृजना श्रेष्ठ<br>– सदिक्षा राई | १५ | सान्त्वना |

(२) **प्रतियोगिताको निर्णायक मण्डल**
- श्रद्धेय भिक्षु पञ्ञासार
- श्रद्धेय भिक्षु पियरत्न
- श्रद्धेय गुरूमां पञ्ञावती

(३) **प्रतियोगिताको प्रश्नकर्ता (क्वीज माष्टर)**
- श्रद्धेय गुरूमां वीर्यवती
- श्रद्धेय गुरूमां शुभवती

(४) **टाइमकीपर**
- दीना तुलाधर

(५) **प्रश्न वितरक**
- सुभद्रा स्थापित

कार्यक्रममा सहभागी सबै स्कूललाई प्रमाणपत्र सहित पुरस्कार प्रदान गरिएको थियो भने कार्यक्रममा निर्णायक मण्डल र क्वीज माष्टरहरूलाई पनि ध.की.अ.गो. को तर्फबाट गोष्ठीका सचिव लोचनतारा तुलाधरले धर्मोपहार प्रदान गर्नुभएको थियो ।

(६) **प्राविधिक सहयोगीहरू**

केशव डंगोल, नोविद शाक्य र इन्द्रकुमार नकर्मी ।

यस हाजिर जवाफ प्रतियोगितामा सहभागी सम्पूर्ण स्कूललाई पुरस्कार प्रदान गर्नुहुने दाताहरूको विवरण –

| क्र.सं. | दाताहरूको नामावली | पुरस्कार प्राप्त गर्नुहुने स्कुलहरू |
|---|---|---|
| १ | भिक्षुणी धम्मवती गुरुमां | आनन्दकुटी विद्यापीठ, स्वयम्भू, काठमाडौं |
| २ | रसुवन्ती कंसाकार | फूलब्राइट स्कुल, चांगुनारायण, भक्तपुर |
| ३ | मोहिनी तुलाधर | आदर्श कन्या मा.वि. ललितपुर |
| ४ | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | सिद्धि गणेश सेकण्डरी स्कुल, सोऱ्ह खुट्टे काठमाडौं |

कार्यक्रमको अन्त्यमा श्रद्धेय धम्मवती गुरूमांले ओवाद उपदेश दिनुहुँदै विद्यार्थीहरू सबैले हारजीतको लागि यस प्रतियोगितामा सहभागी भएको नभई बुद्ध शिक्षा अध्ययन गर्ने मौका पाएकोमा आफूलाई भाग्यमानी सम्झने सल्लाह दिनुभएको थियो ।

कार्यक्रमा निर्णायक मण्डलको तर्फबाट श्रद्धेय भिक्षु पञ्ञासारले स्कोरवोडर्मा प्राप्त अङ्क पढेर सुनाउनु भई प्रथम, द्वितीय, तृतीय र सान्त्वना श्रेणी प्राप्त विद्यार्थी भाई बहिनीहरूलाई यसरी नै बुद्ध शिक्षा हासिल गर्ने मौका प्राप्त गर्दै आ-आफ्नो जीवन सफल पार्न सकुन् भनी आशिर्वाद दिनुभएको थियो ।

कार्यक्रममा उपस्थित सबै महानुभावहरूलाई धर्मकीर्ति विहार क्यहेँपुचःले जलपान प्रायोजन गरी पुण्य सञ्चय गर्नुभएको थियो ।

*( बौद्ध हाजिरी जवाफ प्रतियोगिताका तस्विरहरू अगाडि कभरको भित्री पेजमा हेर्नुहोला । )*

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र.सं. | २०८० आश्विन | बुद्धपूजा गर्नुहुने गुरूमांहरू | धर्मदेशना गर्नुहुने गुरूमांहरू |
|---|---|---|---|
| १ | १ गते सोमबार संक्रान्ति | जवनवती | जवनवती |
| २ | ६ गते शनिबार अष्टमी | सुवण्णवती | सुवण्णवती |
| ३ | १२ गते शुक्रबार | खेमावती | धम्मवती |
| ४ | २० गते शनिबार | दानवती | दानवती |
| ५ | २७ गते शनिबार | अमता | अमता |

## सूचना ! सूचना !! सूचना !!!

**"धर्मकीर्ति पुस्तकालय"** प्रत्येक शुक्रवार १ वजे देखि ५ वजेसम्म खुल्ला रहने जानकारी गराउँदछौं ।

*सम्पर्क :*

**मीन शोभा शाक्य – ९८४३३४६१५२ / मायादेवी महर्जन – ९८४९५२१९९२**

**– कुश समात्दा राम्ररी न समात्नेलाई हातमा घाउ हुनेछ । श्रमण धर्म (सन्यास) राम्ररी पालन गरेन भने नरक जानुपर्छ । – बुद्ध वचन**

# प्रवजित गुरूमांहरूबाट भिक्खुणी पातिमोक्ख पाठ



भिक्षुणी पातिमोक्ष पाठ गर्नुहुदै प्रव्रजित गुरूमांहरू

*२०८० आश्विन १२, येँयाः पुन्हि,*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

प्रव्रजित गुरूमांहरूका लागि कर्मदाता गुरूमां श्री आदि भिक्षुणी प्रजापति गौतमी ८० वर्षको उमेरमा भिक्षुणी प्रव्रजित हुनुभई भिक्षुणी शासन स्थापना गरी महिलाहरूलाई बुद्ध शासनमा प्रव्रजित हुने मौका प्रदान गर्नुभएको दिन येँयाः पुन्हीको स्मरण गरी यसदिन प्रव्रजित गुरूमांहरूबाट भिक्षुणी प्रातिमोक्ष पाठ गरियो ।

प्रव्रजित गुरूमां संघका अध्यक्ष धम्मवती गुरूमां शासन धज्ज धम्माचरिय अग्ग महागन्थवाचक पण्डितको आयोजनामा संचालित यस कार्यक्रममा उपस्थित सबै गुरूमांहरूले भिक्षुणी प्रातिमोक्ष पाठ गर्नु भएका थिए ।

भगवान बुद्धले ४५ वर्ष सम्म प्रचार गर्नुभएको ज्ञानलाई तीन भागमा विभाजन गरिएको छ ।
(१) सुत्त पिटक (२) अभिधर्म पिटक (३) विनय पिटक

यी तीन पिटक मध्ये सुत्त पिटक र अभिधर्म पिटक पाठ गर्ने चलन भइरहेको छ । त्यस बाहेक विनय पिटक अन्तरगत रहेको भिक्षु विनय, भिक्षुणी विनय र गृही विनय मध्ये यसदिन भिक्षुणी विनयको केही अंश प्रव्रजित गुरूमां समूहले पाठ गर्ने कार्य सम्पन्न भयो । कार्यक्रमा श्रद्धेय भिक्षुणी धम्मवती गुरूमांले ओवाद, उपदेश दिनुभएको थियो । कार्यक्रममा उपस्थित हुनुभएका सबै प्रव्रजित गुरूमांहरूलाई धर्मकीर्ति विहारमा जलपान र भोजनको व्यवस्था गरिएको थियो । भिक्खुनी पातिमोक्ख पाठ गर्नुभएका आमन्त्रित गुरूमांहरू सबैलाई भिक्षुणी धम्मवती गुरूमांले दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएको थियो ।

# अन्तर्राष्ट्रिय प्रव्रजित गुरूमां संघको वार्षिक साधारण सभा

*२०८० आश्विन १२ शुक्रवार ।*
*स्थान- धर्मकीर्ति विहार धम्महल ।*

यसदिन अन्तराष्ट्रिय प्रव्रजित गुरूमां संघको वार्षिक साधारण सभा सम्पन्न गरियो ।

अनुपमा गुरूमांबाट स्वागत मन्तव्य व्यक्त गरिएको उक्तकार्यक्रम सुभवती गुरूमांले सञ्चालन गरिएको थियो । कार्यक्रममा संघका सचिव, ञाणवती , गुरूमांबाट अन्तर्राष्ट्रिय प्रव्रजित गुरूमांसंघको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो भने पञ्ञावती गुरूमांबाट युवा अनगारिका संघको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । यसरी नै धरणी गुरूमांबाट स्वास्थ्य प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा केही समय भावी कार्यक्रम वारे छलफल भएको थियो ।

कार्यक्रमको अन्त्यमा विमलञाणी गुरूमांबाट धन्यवाद मन्तव्य व्यक्त गरी कार्यक्रम समापन गरियो ।



# धम्मवती धम्म प्रशिक्षण कार्यक्रम

*२०८० श्रावण १२ शुक्रवार*

*स्थान- धर्मकीर्ति विहार धम्महल*

भिक्षुणी धम्मवती गुरूमां ९० वर्ष पुग्नु भएको उपलक्ष्यमा बुद्ध शासनमा उहाँको योगदानलाई कदर गरी धम्मवती धम्म प्रशिक्षण कार्यक्रम खडा गरिएको छ ।

यस प्रशिक्षण कार्यक्रमको लक्ष अनुसार प्रव्रजित गुरूमांसमूहलाई बुद्ध शिक्षा प्रचार प्रसार क्षेत्रमा अगुवाई भूमिका निभाउनको लागि प्रव्रजित गुरूमांहरूलाई आवश्यक प्रशिक्षण दिने कार्य संचालनार्थ यसदिन बौद्ध विद्वान उपासिका रीना तुलाधरले यस कार्यक्रमको कार्यदल गठन विषयमा जानकारी दिनुभएको थियो । उक्त जानकारी अनुसार कार्यदल यसरी चयन गरिएको छ ।

**धम्मवती धम्म प्रतिक्षण कार्यक्रम, कार्यदल गठन, धर्मकीर्ति विहार**

| | | |
|---|---|---|
| धम्मानुसासक | श्रद्धेय धम्मवती गुरुमां, धर्मकीर्ति विहार | |
| संयोजक | श्रद्धेय ञाणवती गुरुमां, प्रज्ञानन्दाराम विहार, यल | |
| सह-संयोजक | श्रद्धेय प्रीतिवती गुरुमां, बसुन्धरा विहार | |
| सह-संयोजक | श्रद्धेय कुसलञाणी गुरुमां, रत्नविपश्यना विहार | |
| सदस्य सचिव | धर्मकीर्ति विहार संरक्षण कोषका सचिव- प्रफुल्ल कमल ताम्राकार | |
| सदस्यहरू : | **क) धर्मकीर्ति विहारका आवासिय गुरुमांहरु सबै :** | १. श्रद्धेय पञ्ञावती गुरुमां |
| २. श्रद्धेय केशावती गुरुमां | ३. श्रद्धेय खेमावती गुरुमां | ४. श्रद्धेय दानवती गुरुमां |
| ५. श्रद्धेय त्यागवती गुरुमां | ६. श्रद्धेय मेत्तावती गुरुमां | ७. श्रद्धेय इन्दावती गुरुमां |
| ८. श्रद्धेय वीर्यवती गुरुमां | ९. श्रद्धेय शुभवती गुरुमां | १०. श्रद्धेय अमता गुरुमां |
| ११. श्रद्धेय वण्णवती गुरुमां | १२. श्रद्धेय सुवण्णवती गुरुमां | १३. श्रद्धेय क्षान्तिवती गुरुमां |
| **ख) धर्मकीर्ति शाखा विहारबाट प्रतिनिधि गुरुमांहरू :** | | |
| १. सुलक्षणकीर्ति विहारबाट- सुनन्दावती गुरुमां | २. पद्मकीर्ति विहारबाट- श्रद्धेय ध्यानवती गुरुमां | ३. बसुन्धरा विहारबाट श्रद्धेय कुसुम गुरुमां |
| ४. निर्वाणमूर्ति विहारबाट - श्रद्धेय सुमना गुरुमां | ५. श्रद्धाकीर्ति विहारबाट- श्रद्धेय श्रद्धाचारी गुरुमां | |
| **ग) अनागारिका संघबाट** | १. श्रद्धेय अनुपमा गुरुमा- जयमंगल विहार, चंकी टोल, पाटन | २. श्रद्धेय धम्मञाणी गुरुमां बौद्ध जन विहार, सुनाकोथि |
| ३. श्रद्धेय प्रसन्नवती गुरुमां - शाक्यमुनीकीर्ति विहार, सतुगल | ४. श्रद्धेय श्रद्धा गौतमी गुरुमां- धम्ममोलि विहार सामाखुसी | ५. श्रद्धेय चम्पावती गुरुमां पाटी विहार, थिमि |
| **घ) विज्ञ गुरुमांहरूबाट** | १. श्रद्धेय जवनवती गुरुमां- धर्मकीर्ति विहार, श्रीघः नःघः | २. श्रद्धेय अग्गञाणी गुरुमां अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र शंखमूल |
| ३. श्रद्धेय विमलञाणी गुरुमां- अन्तराष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल | ४. श्रद्धेय बुद्धपालि गुरुमां- सन्ति सुखावास, चाकुपात, पाटन | ५. श्रद्धेय सुजाता गुरुमां नःबही यल |
| **कार्यान्वयन समिति :** | संयोजक- मदनरत्न मानन्धर | सह संयोजक- डा. रीना तुलाधर |
| सदस्य- पञ्ञावती गुरूमां | सदस्य- शुभवती गुरुमां | सदस्य- सुवण्णवती गुरूमां |

यसरी यसदिन धम्मवती धम्म प्रतिक्षण कार्यक्रमका लागि ३५ जना व्यक्तिहरूको कार्यदल गठन गरिएको थियो । कार्यक्रमको अन्त्यमा श्रद्धेय पञ्ञावती गुरुमांबाट धन्यवाद ज्ञापन भएको थियो ।

# प्रव्रजित गुरूमांहरूबाट दिनभर अभिधर्म पाठ

*धम्ममोलि विहार, समाखुशी, काठमाडौं ।*
*२०८० आश्विन २० गते शनिबार ।*

यसदिन प्रव्रजित गुरूमांहरूबाट धम्ममोलि विहार सामाखुशीमा दिनभर अभिधर्म पाठ सम्पन्न गरियो । धम्ममोलि विहारका प्रमुख भिक्षुणी डा. धम्मविजया गुरूमांको अगुवाइमा संचालित यस कार्यक्रममा विमलञाणी गुरूमांबाट अभिधर्म विषयमा धर्मदेशना भएको थियो ।

कार्यक्रममा अभिधर्म पाठ गर्नुभएका प्रव्रजित गुरूमांहरूको नाम र पाठको विवरण तालिकाद्वारा यसरी प्रस्तुत गरिएको छ ।

| क्र.सं. | पाठ | पाठ गर्नुहुने गुरूमांहरूको नाम |
|---|---|---|
| १ | धर्मसङ्गिणी | अनुपमा , इन्दवती |
| २ | विभङ्ग | पञ्ञावती,वीर्यवती |
| ३ | धातुकथा | जवनवती, प्रीतिवती, |
| ४ | पुग्गलपञ्ञति | प्रीतिवती, अनुस्मा |
| ५ | कथावस्तु | सुनन्दावती, जयवती |
| ६ | यमक | दानवती, अमता |
| ७ | पट्ठान | ञाणवती, कुसुम, अमरावती, धम्मचारी |



*धम्ममोली विहारमा स्थापित बुद्ध मूर्ति*



*धम्मसङ्गिणी पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू अनुपमा र ईन्दावती*



*विभङ्ग पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू पञ्ञावती र वीर्यवती*



*धातुकथा पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू जवनवती र प्रीतिवती*



पुग्गलपञ्ञति पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
प्रीतिवती र अनुष्मा



कथावत्थु पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
सुनन्दावती र जयवती



यमक पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
दानवती र अमता



पट्ठान पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू
ञाणवती, कुसुम, अमरावती र धम्मचारी

- **कोही संसारमा जन्म लिन्छन्, पापीहरू नर्कमा जन्मछन्, पुण्यवान् व्यक्तिहरू स्वर्गमा जन्मन्छन्, चित्तमल नभएका व्यक्तिहरू परिनिर्वाण हुन्छन् ।**
- **आकाश, समुद्र र पर्वतको प्वाल आदि जुनसुकै ठाउँहरूमा लुक्न गएपनि पापकर्मको फलबाट बच्न सकिने प्रदेश यस लोकमा कहीँ पनि छैन ।**
- **आकाश, समुद्र र पर्वतका प्वाल आदि जुनसुकै ठाउँमा लुक्न गएपनि मरणबाट बच्न सकिने प्रदेश यस लोकमा कहीँ पनि छैन । – बुद्ध वचन**

## धर्मकीर्ति पत्रिका विशेष सदस्य

क्र.सं. ९५६

**माया देबी मानन्धर**
ढोका वहाः काठमाडौं
रू. २०००/–

क्र.सं. ९५७

**अरणी तारा वज्राचार्य**
मानभवन, पाटन
रू. २०००/–

क्र.सं. ९५८

**चन्दा देवी वज्राचार्य**
बालाजु, काठमाडौं
रू. २०००/–

# विहार भ्रमण



*विहार भ्रमण टोलीमा सहभागी उपासकउपासिकाहरू लगायत कार्यक्रम संयोजक परिवार*

*२०८० आश्विन १८, ललितपुर ।*

यस दिन श्रद्धेय धम्मवती गुरूमांको आज्ञानुसार धर्मकीर्ति विहारले ललितपुरका आठवटा विहार एवं वहावही भ्रमण कार्यक्रम सम्पन्न गरिएको छ । श्रद्धेय केशावती गुरूमांको संयोजकत्त्वमा सञ्चालित उक्त कार्यक्रम श्रद्धेय खेमावती गुरूमांले सहयोग गर्नुभएको थियो । धर्मकीर्ति विहारबाट उपासकोपासिकाहरूको एक टोली सहभागी भएको उक्त भ्रमण टोलीले यहाँ उल्लेखित आठवटा विहारहरूको भ्रमण गरिएको कुरा बुझिएको छ । ती यसरी छन –

१) सुमंगल विहार, कनिबहाः लुखुसि
२) शाक्य सिंह विहार, थैना (३) यशोधरा विहार थैना
४) जयमंगल विहार, चंकिटोल (५) मणिमण्डप विहार पटको
६) इतिराज विहार (७) रत्नकीर्ति विहार, हरिसिद्धि
८) मंगलमार्ग अन्तराष्ट्रि बौद्ध ध्यान केन्द्र, नक्खु, करिडोल ओकुबहाल, महाबौद्ध, गोल्डेन टेम्पल (क्वापाःद्यो) ।

सुमंगल विहारमा प्रमुख कार्यक्रमहरू सम्पन्न गर्ने क्रममा श्रद्धेय पञ्ञालोक भन्तेबाट पञ्चशील प्रार्थना गराउनु भएपछि श्रद्धेय संकिच्च भन्तेबाट विहारको परिचय प्रस्तुत गर्नु भएको थियो भने उहाँ भन्तेबाट नै धर्मदेशना पनि भएको थियो ।

भिक्षु संघबाट परित्राण पाठ सम्पन्न भएपश्चात् भ्रमण समूहले अष्टपरिष्कार लगायत अन्य दान प्रदान गरी पुण्य सञ्चय गरियो । सो पछि भोजन दान पश्चात् अन्य वाकी विहारहरूको भ्रमण सम्पन्न गरियो । यही सिलसिलामा भ्रमण टोलीले हरेक विहारहरूमा दानप्रदान र चन्दा प्रदान गरी पुण्य सञ्चय गरियो ।

यसरी ८ वटा नै विहारहरूको भन्ते गुरूमांहरूबाट भ्रमण टोलीलाई मैत्रीपूर्ण व्यवहारबाट स्वागत गरी विहारको परिचय प्रस्तुत गरी सहयोग गर्नुभएको योगदानलाई कदर गरी भ्रमण टोलीले सहर्ष साधुवाद व्यक्त गरि आभार व्यक्त गरिएको छ ।

***"जुन व्यक्तिमा सत्य, धर्म, अहिंसा, संयम र दमनादि गुण छ, त्यस व्यक्तिलाई निर्मल भइसकेको धीर पुरुष तथा स्थविर भनिन्छ ।" – बुद्ध वचन***



## Bhikshuni: DHAMMAWATI GURUMA

Women played major roles
In the history of Buddhist Nepal,
History gave a paucity figures in those days.

In the Beloved daughter's book.
In renders a great service of Dhamma sight
All nuns and laywomen respect.

Dhammawati Guruma have been giving,
Major events for the change of century
She is the Nun in contemporary Nepal.

Dhammawati Guruma is the most
Outstanding Bhikshuni in modern Nepal,
Who trained man women to make Nepalese nuns.

She is the nun farmer in modern Buddhist,
She teach as the study of Buddhist religions
And Buddhist cultures in our Buddha birthplace.

She is never tired Bhishuni
and bravery of
cancer disease Bhikshuni
Lay women received
her enthusiasm
through preaches.



✍ **Lekh Ratna Shakya**




पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।

**बिश्व मोटर ट्रेडर्स**

अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
**e-mail: vishwamotor@gmail.com**

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्‌हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्म :*
*बि.सं. २००१*

*दिवंगत :*
*वि.सं. २०८० आश्विन २२ गते, सोमवार*

# दिवंगत मोतिकाजी शाक्य

कुमारीपाटी, ललितपुर

धर्मकीर्ति विहार संरक्षण कोषका सदस्य, श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांका कान्छा भाई **मोतिकाजी शाक्य** मिति २०८० आश्विन २२ गते, सोमबार दिवंगत हुनुभयो। उहाँले आफ्नो जीवनको अमूल्य क्षण बुद्ध शिक्षा प्रचार क्षेत्रमा समर्पण गरी सञ्चित पुण्य एवं धर्मकीर्ति संरक्षण कोषको लागि पुऱ्याउनु भएको अमूल्य योगदानबाट सञ्चित पुण्य शक्तिले उहाँलाई सुगति एवं निर्वाण हेतु प्राप्त होस् भन्ने कामनाका साथ पुण्यानुमोदन गर्दछौं।

साथै यस दुखद् घडीमा उहाँका परिवारजनले भगवान् बुद्धले बताउनु भएको ज्ञान अनुसार संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् भन्ने कामना गर्दछौं।

॥ भवतु सब्ब मंगलम् ॥

## धर्मकीर्ति संरक्षण कोष

### धर्मकीर्ति विहार

श्रीघः नघः, काठमाडौं

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८०/०८१)

# साधुवाद !



**दिवंगत हेमरत्न वज्राचार्य**

*बुदिं : बि.सं. १९८६ मंसिर ४ गते*

*मदुगु दिं : बि.सं. २०६३ असोज ६ गते*



**दिवंगत कमलदेवी वज्राचार्य**

*बुदिं : बि.सं. १९९४ फागुण १० गते*

*मदुगु दिं : बि.सं. २०७७ असोज १६ गते*

धर्मकीर्ति पत्रिका वर्ष ४१, अङ्क ७ या रङ्गीन कभर पेज (प्यंगू पेज) दाता उपासिकापिं **चन्दादेवी वज्राचार्य, सुरक्षादेवी वज्राचार्य व सुनिता वज्राचार्य** मूबहाः यैँ पाखें धर्मदान यानाः पुण्य सञ्चय यानाबिज्याःगु खः ।

दाता उपासिकापिनि प्रातः स्मरणिय एवं अनन्तगुणं सम्पन्नपिं **बाः हेमरत्न वज्राचार्य** व **मां कमलदेवी वज्राचार्य**या पुण्य स्मृतिस धर्मदान यानादीगु थुगु पुण्यं परलोक जुयाबिज्याःपिं वसपोलपिनि बाः मांया परलोक जीवन सुगतिमय जुयाः निर्वाण हेतु नं प्राप्त ज्वीमा धकाः आशिका यासे दाता परिवार पाखें पुण्यानुमोदन यानाबिज्याःगु जुल ।

धर्मदान यानाबिज्याःपिं उपासिकापिं सपरिवारया आयु आरोग्य व निरोगी कामना यासे वसपोलपिसं नं बुद्ध शिक्षा अभ्यास यायां थुगुहे जीवनय् निर्वाण हेतु चूलाके फय्मा धकाः कामना यासे धर्मदानया लागि साधुवाद व्यक्त यानागु जुल । भवतु सब्ब मंगलम् ।

## धर्मकीर्ति पत्रिका परिवार
## धर्मकीर्ति विहार

श्रीघः नःघः, काठमाडौं, नेपाल ।

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com